कुशवाहा (कोइरी) जातिको उत्पत्ति

सही इतिहास, भाषा: नेपाली

लेखक: भरत लाल महतो

(MCA, Pune University)



कुशवाहा (कोइरी) जातिको उत्पत्ति



लेखक परिचय

भरत लाल महतो **(MCA - Pune University, IT प्रशिक्षक, समाजसेवी, जातीय इतिहासका शोधकर्ता)**	

नेपालको मधेस भूगोलमा जन्मेका एक बहुपरिमाणिक व्यक्तित्व हुन् - **भरत लाल महतो**। उहाँका पिता **सन्त रामेश्वर महतो** र माता **पानो देवी** हुनुहुन्छ। उहाँको स्थायी ठेगाना **बरहथवा न.पा.-०८, आनन्दनगर टाँडी, जिल्ला सर्लाही** हो। विज्ञान र प्रविधिमा दक्ष, समाजसेवामा समर्पित, र इतिहास तथा जातीय चेतनामा गहिरो रुचि राख्ने उहाँ, कुशवाहा (कोइरी) समुदायको उत्पत्ति, विकास र सामाजिक संघर्षबारे गरिएको ऐतिहासिक अध्ययनका कारण प्रबुद्ध पाठकमाझ परिचित नाम बन्नुभएको छ।

उहाँको शैक्षिक यात्रा सर्लाही जिल्लाको बारहथवा स्थित श्री चक्र जनता शहीद गंगा मा०वि०बाट सुरु भएको हो, जहाँ उहाँ सधैं टपर विद्यार्थीका रूपमा चिनिनुहुन्थ्यो। सन् १९९८ मा SLC उत्तीर्ण गरेपछि भारतको Marwadi Science College बाट I.Sc. (2000 AD), त्यसपछि भारत सरकारद्वारा सञ्चालित प्रतिष्ठित संस्था IGNOU, Delhi बाट BCA (2004 AD) तथा Indian Embassy Kathmandu अन्तर्गतको Silver Jubilee Scholarship प्राप्त गर्दै Pune University, Maharashtra बाट MCA (2010 AD) उत्तीर्ण गर्नुभयो।

प्राविधिक क्षेत्रमा उहाँ हाल जनज्योति प्राविधिक शिक्षालय, लालबन्दी (CTEVT) मा सूचना प्रविधि प्रशिक्षक (IT Engineer) का रूपमा कार्यरत हुनुहुन्छ। प्रविधिमा दक्षता राख्ने भए पनि उहाँको अभिरुचि केवल आधुनिक ज्ञानमा सीमित छैन; उहाँ इतिहासका गहिराइमा पसी कोइरी जातिको उत्पत्ति र गौरवशाली पृष्ठभूमि उजागर गर्नेतर्फ उत्तिकै समर्पित हुनुहुन्छ।

सामाजिक चेतनाका अग्रदूतका रूपमा उहाँले झण्डै दुई दशक कुशवाहा समाजको नेतृत्व गर्नुभएको छ - कुशवाहा बुद्धिजीवी सेवा समाज, सर्लाहीमा भूपू जिल्ला अध्यक्ष (७ वर्ष), नेपाल कुशवाहा युवा कल्याण समाजको जिल्ला अध्यक्ष (८ वर्ष), तथा हालै नेपाल कुशवाहा कल्याण समाजको केन्द्रीय अधिवेशन २०८०, कलैयाबाट नेपाल कुशवाहा कल्याण समाजको केन्द्रीय सदस्यमा निर्वाचित हुनु उहाँको समाजप्रतिको निष्ठाको बलियो प्रमाण हो।

लेखकले यस पुस्तकमा कोइरी जातिको ऐतिहासिक, सांस्कृतिक र सामाजिक पहिचानलाई बौद्ध र मौर्यकालीन स्रोतहरूको सहायताबाट उदघाटन गर्नुभएको छ। शाक्य, कोलीय, लिच्छवी र मौर्य वंशसँग कोइरी जातिको सम्बन्ध, बिठुढवा आक्रमणपछि कोलिया वंशका वंशजहरूको विस्थापन, "त्रिणवाहक" (कुशवाहा) को संज्ञा प्राप्त हुनु, मौर्य सम्राट वृहद्रथ मौर्यको हत्या पछिको जातीय व्यवस्था, र कोइरी जातिको कृषक जीवनबाट शिक्षा, राजनीति, प्रशासन र व्यापारतर्फको प्रगतिको यात्रा - यी सबै पक्षहरूमा लेखकको लेखनीले इतिहासलाई सरल भाषामा, तर गहिरो सन्दर्भसहित प्रस्तुत गरेको छ।भरत लाल महतोका लागि यो कृति केवल लेख होइन - यो जातीय आत्मपहिचानको पुनर्स्थापना, एक बौद्धिक आन्दोलन, र इतिहासप्रति समर्पित संवेदनशील खोज हो।

“कोइरी जातिको उत्पत्ति” पुस्तक उहाँको साधना हो, जसले कोइरी (कुशवाहा) समाजको वैभवशाली इतिहासलाई पुनः जीवित पार्ने प्रयत्न गर्दछ।

प्रस्तावना

कुशवाहा (कोइरी) जाति एक प्राचीन **शासक वंश** हो, जसको उत्पत्ति सिन्धु उपत्यका को सभ्यता (जुन सभ्यता **ASI 2016** रिपोर्ट अनुसार ८००० वर्ष पुरानो छ ।) बाट भएको हो। यस जातिका **शाक्य, कोलीय तथा लिच्छवि र मौर्य वंश** प्रमुख शासक को रूपमा चिनिन्छ। मौर्य वंश का चक्रवर्ती सम्राट अशोक **मौर्य** , जसको मगध साम्राज्य **५२ लाख वर्ग कि.मी.** क्षेत्रफलमा फैलिएको थियो। जसको आज पनि नेपाल को लुम्बिनी को अशोक स्तम्भ प्रमाण को रूपमा अवस्थित छ।

१८५ ई.पू. मा मौर्य वंशका दशौं शासक **वृहद्रथ मौर्य** लाई आफ्नै सेनापति **पुष्यमित्र शुङ्ग** ले अस्त्र भण्डारण भवनमा हतियार निरीक्षणको क्रममा छल पूर्वक पछाडि बाट तरवार प्रहार गरी हत्या गरे पछि मगध मा **मनु व्यवस्था** लागू गर्‍यो। त्यसपछि कुशवाहा (कोइरी) जाति राज्य बाट सामूहिक हिंसाको शिकार भयो। ज्यान जोगाउन उनीहरू **जंगल, पाखा, नदी किनार** जस्ता ठाउँमा शरण लिए।शासक वर्गबाट हटाइएपछि, जीविका चलाउन **खेतीपाती** नै मुख्य पेशा बन्यो। आज पनि उनीहरू **तरकारी, बेसार, उखु** आदि खेती गर्न विशेष पारंगत छन्। मेहनती स्वभावका कारण, उनीहरू **आत्मनिर्भर** छन् र कसैको भर पर्नु पर्दैन।वर्तमान समयमा, कुशवाहा (कोइरी) जाति **शिक्षा, राजनीति, प्रशासन र व्यापार** जस्ता विभिन्न क्षेत्रमा अगाडि बढिरहेको छ।

कुशवाहा (कोइरी) जाति नेपालको मधेश प्रदेश, कोशी प्रदेश, तथा लुम्बिनी प्रदेशका तराई क्षेत्रहरूमा घना बसोबास गर्दै आएका छन्। विशेष गरी सिराहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, नवलपरासी (बर्दघाट सुस्ता पूर्व/पश्चिम) लगायतका जिल्लाहरूमा उनीहरूको बाक्लो उपस्थिति देखिन्छ। भारतमा उत्तर प्रदेश, बिहार, झारखण्ड, पश्चिम बंगाल, मध्य प्रदेश, र छत्तीसगढ़मा ठूलो संख्यामा कुशवाहा जातिको बसोबास पाइन्छ। नेपाल र भारतबाहेक अन्य देशहरूमा पनि उनीहरूको बसोबास देख्न सकिन्छ, जस्तै मौरिसस, फिजी, त्रिनिदाद तथा टोबागो, सुरीनाम, गुयाना, मलेसिया, र दक्षिण अफ्रिकामा सफल उद्यमीका रूपमा रहेका छन्। यी देशहरूमा उनीहरूको जनसंख्या तुलनात्मक रूपमा कम भए तापनि कृषि, व्यापार, तथा विभिन्न व्यवसायहरूमा संलग्न रहँदै आएका छन्। भारत,नेपाल लगायत अन्य देशहरूमा प्रदेश तथा संघका मन्त्रीमण्डलमा प्रत्यक्ष रूपमा शासकको रूपमा भूमिका गर्दै छन् भने मरिसस तथा फिजी का कोइरी जाति आफ्नो पुर्खा जस्तै देशको शासन व्यवस्थाको मूलधारमा बसी शासक को भूमिका मा प्रधान मन्त्री समेत को रूपमा रहेको छ।

मानव जातिको उत्पत्ति र कोइरी जातिको सम्बन्ध सिन्धु घाटी सभ्यतासँग


मानव जाति विभिन्न स्थानहरूमा विकसित भएको पाइन्छ। हरेक सभ्यता, समुदाय, र जातिको आफ्नै उत्पत्ति तथा विकासक्रम रहिआएको छ। कोइरी जाति (कुशवाहा समुदाय) परम्परागत रूपमा कृषि पेशा तथा शासन सतामा संलग्न रहेको छ, जसले यस जातिलाई अत्यन्तै पुरानो कृषक तथा शासक वर्गको प्रतिनिधित्व गर्ने समूह बनाउँछ। इतिहासविद्हरूको मत अनुसार, कोइरी जातिको उत्पत्ति सिन्धु घाटी सभ्यता (Indus Valley Civilization) सँग जोडिएको देखिन्छ। त्यसैले, अब हामी सिन्धु घाटी सभ्यता बारे बुझ्ने प्रयास गर्छौं।


Major IVC Sites
Manda
Jhelum
Chenab
Ravi
Ropar
Harappa
Rakhigari
Banawali
Alamgirpur
Mehrgarh
Mithalal
Sutlej
Indus
Kalibangan
Ganga
Yamuna
Ganeriwal
Mohenjodaro
Kotdiji
Amri
Chanhudaro
Balakot
Suktagendor
Surkotada
Sabarmati
Dholavira
Desalpur
Lothal
Narmada
Nageshwar
Rangpur
Map of Indus Valley Civilization

ref:https://upsccolorfullnotes.com/indus-valley-civilisation-map-2021/



REF: https://www.britannica.com/topic/Indus-civilization


Figure: 1 काल्पनिक चित्रमा सिन्धुघाटी सभ्यताको हडप्पा नगर

सिन्धु सभ्यता: एक प्राचीन महान सभ्यता

सिन्धु सभ्यता, जसलाई **इन्डस भ्याली सभ्यता** (Indus Valley Civilization) पनि भनिन्छ, करिब **८००० वर्ष पुरानो** सभ्यता हो। यो सभ्यता प्राचीन भारतको **उत्तर-पश्चिमी भागमा सिन्धु नदीको किनारमा** विकसित भएको थियो। हालको **पाकिस्तानको सिन्ध, पंजाब र बलुचिस्तान प्रान्तहरू**, साथै **भारतको गुजरात, राजस्थान, हरियाणा, तथा पंजाबका केही भागहरू** यस सभ्यताको क्षेत्र अन्तर्गत पर्दछन्।

भारतीय पुरातत्व सर्वेक्षण (ASI) को २०१६ को प्रतिवेदन अनुसार, यो सभ्यता **ईसा पूर्व ६३०० देखि ईसा पूर्व ४३००** सम्म अस्तित्वमा रहेको मानिन्छ। सिन्धु सभ्यताको प्रमुख केन्द्रहरूमा **मोहनजोदड़ो (पाकिस्तान), हडप्पा (पाकिस्तान), धोलावीरा (भारत), लोथल (भारत), राखीगढ़ी (भारत)** लगायतका पुरातात्विक स्थलहरू पर्छन्।

सिन्धु सभ्यताको महत्त्व केवल **नगर नियोजन (Urban Planning)** र **जल आपूर्ति प्रणाली** (Water Supply System) को कारण मात्र थिएन, तर यसको **धार्मिक, सांस्कृतिक र दार्शनिक प्रभावहरू** पनि उल्लेखनीय थिए।



Figure: 2 सिन्धुघाटी सभ्यता नगरमा स्थित एक कुवा तथा नुहाउने घर

सिन्धु उपत्यका सभ्यता गैर-आर्य थियो, मुख्यतः यस कारणले कि यो एक शहरी सभ्यता थियो, जबकि आर्य सभ्यता ग्रामीण प्रवृत्तिको थियो। लिपि ज्ञान, नगर योजना, र अन्य सामाजिक व्यवस्थाहरूको दृष्टिकोणले सिन्धु सभ्यता प्रारम्भिक आर्य सभ्यताभन्दा बढी विकसित मानिन्छ। विभिन्न कालखण्डमा भेटिएका पुरातात्त्विक माटाका भाँडाहरूले देखाउँछन् कि सिन्धु सभ्यता आर्य सभ्यताभन्दा पुरानो थियो। कालो चित्रले सजिएका रातो माटोका भाँडाहरू हडप्पा सभ्यतासँग सम्बन्धित छन् भने, पछि विकसित धुस्से तथा चित्रित धुस्से माटोका भाँडाहरू आर्य सभ्यतासँग जोडिएका छन्। सिन्धु सभ्यता र वैदिक सभ्यताबीच थुप्रै भिन्नताहरू देखिन्छन्–सिन्धु सभ्यता शहरी र चित्रमूलक लिपि प्रयोग गर्ने सभ्यता थियो, जबकि वैदिक सभ्यता ग्रामीण र लोहो तथा युद्ध सामग्रीमा निपुण सभ्यता थियो।

हडप्पा सभ्यताको लिपि अझैसम्म अपठनीय रहेको हुँदा, यस सभ्यतासँग सम्बन्धित स्थलहरूबाट प्राप्त वस्तुहरू नै यसको विशेषताहरू बुझ्ने माध्यम बनेका छन्। उत्खननबाट प्राप्त ३,००० भन्दा बढी मुहरहरू यस सभ्यताको बारेमा जानकारी दिने सबैभन्दा महत्वपूर्ण स्रोत हुन्। ती मुहरहरूमा कुँदिएका चित्रहरूले विभिन्न गतिविधि र धार्मिक विश्वासहरूबारे प्रकाश पार्दछन्। हडप्पा सभ्यताको उत्पत्तिबारे विद्वानहरूबीच

मतभेद छ। केही, जस्तै ई. जे. एच. म्याके, डी. एच. गार्डन र मार्टिमर व्हीलरले यसको उत्पत्ति सुमेर वा पश्चिमी एशियाबाट भएको प्रवसनका कारण भएको भन्ने मत राख्छन्। तर अमलानन्द घोषजस्ता विद्वानहरूको विचारमा हडप्पा सभ्यता पूर्व-हडप्पा सभ्यताको परिपक्वताबाट उत्पन्न भएको हो। स्टुअर्ट पिग्गट, फेयर सर्भिस, जर्ज एफ. डेल्स र रफिक मुगल जस्ता अन्य विद्वानहरूले यस सभ्यताको स्थानीय उत्पत्तिको सिद्धान्तलाई समर्थन गरेका छन्। रफिक मुगलका अनुसार, हडप्पा सभ्यताको विकास रावी नदीको क्षेत्र, अर्थात् हडप्पा क्षेत्रमा नै भएको हो। उनले हडप्पा सभ्यताले पश्चिमी मेसोपोटामियाबाट प्रेरणा लिएको भन्ने पुरानो धारणा खारेज गरेका छन्।



Figure: 3 मोहनजोदाडो

यस सभ्यताका धार्मिक विचारहरूले पछि **बौद्ध धम्म को उत्पत्ति र यसको सिद्धान्तहरूमा पनि प्रभाव** पारेको मानिन्छ।

कोइरी जाति र सिन्धु सभ्यता

सिन्धु सभ्यताका मानिसहरू कृषि प्रधान जीवनशैली अपनाएका थिए। कोइरी जाति परम्परागत रूपमा कृषक (खेती गर्ने वर्ग) भएको हुँदा, उनीहरूको उत्पत्ति सिन्धु घाटी सभ्यताको उत्तराधिकारीका रूपमा लिन सकिन्छ। कोइरी समुदायको मुख्य पेशा तरकारी खेती, फलफूल खेती, तथा बगैंचा व्यवस्थापन रहिआएको छ, जुन सिन्धु सभ्यताका मानिसहरूको कृषि जीवनशैलीसँग मेल खान्छ।

सिन्धु घाटी सभ्यता विश्वकै एक पुरानो तथा उन्नत सभ्यता थियो। यसको उन्नति तथा पतनले मानव समाजलाई ठूलो प्रभाव पारेको थियो। कोइरी (कुशवाहा) जातिको इतिहास हेर्दा, उनीहरूको कृषि पेशा, जीवनशैली, र परम्पराले सिन्धु सभ्यताको कृषि समुदायसँग गहिरो सम्बन्ध राख्छ। त्यसैले, कोइरी जातिलाई सिन्धु सभ्यताको प्रत्यक्ष उत्तराधिकारी मान्न सकिन्छ ।

https://www.youtube.com/watch?v=iSBnXX_DIJk घटना चक्र प्राचीन इतिहास - सिंधु घाटी सभ्यता Ancient History ghatna chakra online study group

भारतीय महाद्वीपका आदिकालदेखि बसीरहेका मूलनिवासी समुदायहरूमा कृषक जातिहरूको विशेष भूमिका रहेको छ। यस्तो जातिमा कुशवाहा (कोइरी) पनि पर्दछन्, जो परम्परागत रूपमा कृषि कार्यमा संलग्न रहेर यहाँको सांस्कृतिक र सामाजिक विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्। धेरै विद्वानहरूको मत अनुसार, यी जातिहरू भारत नेपाल का प्रारम्भिक सभ्यताहरू, विशेष गरी सिन्धु घाटी सभ्यतासँग सांस्कृतिक र ऐतिहासिक रूपमा सम्बन्धित छन्। यहाँ भारतीय महाद्वीपका मूलनिवासी आदिवासीहरू (जनजातिहरू) को उत्पत्ति सिन्धु घाटी सभ्यता (Indus Valley Civilization) बाट भएको भन्ने धारणा सम्बन्धी केही विदेशी शोधकर्ताहरूका तर्कहरू प्रस्तुत गरिएको छ:

1. जिम जी. शेफर (Jim G. Shaffer) - अमेरिकी पुरातत्त्वविद्

शेफरले दक्षिण एशियाली प्रागैतिहासिक कालका विभिन्न संस्कृतिहरूको अध्ययन गर्दै सिन्धु घाटी सभ्यता र त्यसपछिका स्थानीय संस्कृतिहरूबीचको निरन्तरतालाई महत्त्वपूर्ण मान्छन्। उनको मतमा, सिन्धु सभ्यताको पतनपछि जसले भौगोलिक रूपमा दक्षिण एशियामा बिखरिएर विभिन्न मूल निवासी, आदिवासी र जनजातीय समूहको विकास गर्यो, उनीहरूलाई सो सभ्यताको उत्तराधिकारी मान्न सकिन्छ। यसले

स्थानीय, स्वतन्त्र रूपमा विकास भएको संस्कृतिको संकेत गर्छ जुन आदिवासीहरूमा देखिन्छ।
(स्रोत: Shaffer, Jim G. “South Asian Archaeology” लगायतका लेखहरू)

---

2. एमिल सिनो (Emil Sinor) - हङ्गेरियन-अमेरिकी इतिहासकार

सिनोले भारतीय उपमहाद्वीपका आदिवासीहरूलाई प्रारम्भिक ऐतिहासिक स्रोतहरू र पुरातात्विक अध्ययनको माध्यमबाट विश्लेषण गरेका छन्। उनको दृष्टिकोणमा, सिन्धु घाटी सभ्यता विकासको प्रारम्भिक चरण हो जसबाट विभिन्न क्षेत्रीय र मूल बासी, आदिवासी समूहहरू विकास भएका छन्। यसले भारतीय उपमहाद्वीपको सांस्कृतिक र जनसंख्या ऐतिहासिक रुपमा सिन्धु घाटी सभ्यतासँग घनिष्ठ सम्बन्ध राख्छ भन्ने संकेत गर्छ।
(स्रोत: Sinor, Emil. “The Establishment of the Central Asian Steppe Frontier”)

---

3. अहमद हसन डानी (Ahmad Hasan Dani) - पाकिस्तानी पुरातत्त्वविद्

डानीले सिन्धु घाटी सभ्यताको अध्ययनका क्रममा यस सभ्यताले दक्षिण एशियाका स्थानीय जनसमूहहरूमा गहिरो प्रभाव पारेको र त्यसबाट स्थानीय आदिवासी समुदायहरूको विकास भएको तर्क गरेका छन्। उनी सिन्धु घाटी सभ्यतालाई दक्षिण एशियाको मूल निवासी संस्कृतिहरूको स्रोतको रूपमा हेर्छन्।
(स्रोत: Dani, Ahmad Hasan. “The Indus Civilization”)

---

4. मिकाएल विट्जेल (Michael Witzel) - जर्मन भाषाविद् र पुरातत्त्वविद्

विट्जेलले भारतीय उपमहाद्वीपको प्राचीन भाषागत र सांस्कृतिक विकासलाई अध्ययन गर्दा, सिन्धु घाटी सभ्यतालाई आरम्भिक ऐतिहासिक सांस्कृतिक संरचना मान्छन् जसले विभिन्न आदिवासी र स्थानीय समूहहरूलाई सांस्कृतिक पहिचान दिएको छ। उनका अनुसार, सिन्धु सभ्यता र तिनका स्थानीय समुदायबीच गहिरो सम्बन्ध थियो, जसले पछि भारतीय आदिवासी संस्कृतिहरूमा रूपान्तरण गर्यो।
(स्रोत: Witzel, Michael. Various research papers on early South Asian history)

केही जातीय इतिहासकारहरू (जस्तै: **राम स्वरूप वर्मा**, **कांची गोपाल सिंह, जगदेव प्रसाद कुशवाहा**) ले तर्क गरेका छन् कि कोइरी-कुशवाहा समुदाय सिन्धु सभ्यताका कृषक वर्गसँग सम्बन्धित थिए।

रामस्वरूप वर्मा, एक प्रख्यात समाज सुधारक र मानवतावादी चिन्तक, भारतीय समाजमा जातीय समानताको पक्षमा दृढ आवाज उठाउने व्यक्तित्व थिए।यसै सन्दर्भमा उनले कृषि पेशामा आधारित जातिहरू, विशेष गरी **कोइरी (कुशवाहा)** जातिलाई सिन्धु सभ्यताको उत्तराधिकारीको रूपमा हेर्दै तिनीहरूको उत्पत्ति त्यही सभ्यता भित्रबाट भएको तर्क प्रस्तुत गरेका छन्। उनले भनेका छन् कि कोइरी जातिको जीवनशैली, उत्पादन प्रणाली, र सामाजिक भूमिका प्राचीन सिन्धु सभ्यताको विशेषतासँग अत्यन्त मिल्दोजुल्दो छ, जसले उनीहरूको ऐतिहासिक जरा त्यहीँ रहेको संकेत गर्छ



रामस्वरूप वर्मा

https://thewirehindi.com/55043/remembering-legendary-humanist-and-socialist-leader-ramswroop-verma/

गोपाल सिंह नेपाली (1911-1963) एक प्रख्यात हिन्दी कवि, गीतकार र राष्ट्रवादी साहित्यकार थिए, जो सामाजिक न्याय, श्रम, र जनजीवनका संवेदनशील पक्षहरूलाई कविता मार्फत उजागर गर्नेमा प्रसिद्ध थिए। उनी बिहारको पश्चिम चम्पारणमा जन्मिएका थिए र आफ्ना रचनाहरूमा श्रमिक वर्ग, किसान, र सीमान्तकृत समुदायप्रति गहिरो सहानुभूति देखाउँथे। उनीद्वारा रचित कविता **"गरीब का सलाम ले"** मा उनले श्रमिक वर्गलाई आत्मसम्मान, जीवनशक्ति र सभ्यताको निर्माणकर्ता भनेर चित्रित गरेका छन्। उक्त कवितामा खेत जोत्ने, श्रम गर्ने, नथाक्ने र कहिल्यै नझुक्ने श्रमिकलाई दीपजस्तो उज्यालो दिन सक्ने मान्छेको रूपमा देखाइएको छ, जुन केवल सामाजिक सहानुभूति होइन, इतिहासप्रतिको दृष्टिकोण पनि हो। यसै सन्दर्भमा, गोपाल सिंह नेपालीको काव्य दृष्टिमा श्रमिक वर्ग केवल पीडित होइन, बरु **सिन्धु**


सभ्यताको मूल निर्माता र उत्तराधिकारीको रूपमा समेत प्रस्तुत गरिएका छन्। उनी कविताको माध्यमबाट यस धारणा प्रकट गर्छन् कि सभ्यता उत्पादन गर्ने वर्गहरू–जसमा कुशवाहा, कोइरी, कृषक समुदायहरू पर्छन्–सांस्कृतिक र ऐतिहासिक रूपमा भारतको प्राचीन सभ्यताको वास्तविक वाहक हुन्।


गोपाल सिंह नेपाली

जगदेव प्रसाद कुशवाहा (1922-1974) एक प्रखर समाजवादी नेता, चिन्तक र सामाजिक न्यायका अग्रगामी योद्धा थिए। बिहारको एक साधारण कृषक परिवारमा जन्मिएका उनीले जीवनभर पिछडिएका र श्रमजीवी वर्गको हकमा संघर्ष गरे। उनी "शोषित समाज दल" का संस्थापक थिए र "सौ में नब्बे शोषित है, नब्बे भाग हमारा है" भन्ने प्रसिद्ध नाराका लागि चिनिन्छन्। उनको विचारमा जातीय उत्पीडनको मूल जरो वर्ण व्यवस्था हो, जसलाई तोडेर मात्रै साँचो समानता स्थापना हुन सक्छ भन्ने मान्यता थियो।

जगदेव प्रसादको सिद्धान्त अनुसार भारतको सभ्यताको आधार श्रमजीवी, कृषक र शिल्पी वर्गले निर्माण गरेका हुन् – आर्य आक्रान्ताहरूले तिनको इतिहास मेटाएर ब्मनुवाद थोपरे। उनले बारम्बार भारतका मूल बासिन्दा भनेर उनीहरूलाई चिनाए, जसमा कृषि गर्ने जातिहरू - जस्तै कोइरी, कुशवाहा, यादव, पासी आदिका नाम उल्लेख हुन्छन्। उनी भन्थे, "सिन्धु सभ्यता हाम्रो हो, किनभने हामी उत्पादन गर्छौं, श्रम गर्छौं र समाजका निर्माणकर्ता हौं।"

यसै विचारको प्रभावमा पछिल्लो समय कुशवाहा/कोइरी समुदायका विद्वान र सामाजिक आन्दोलनकर्ताहरूले आफूलाई **सिन्धु सभ्यताको वास्तविक उत्तराधिकारी**का रूपमा व्याख्या गर्न थालेका छन्। उनीहरूको परम्परागत पेशा (कृषि, बगैँचावाली, सिंचाई प्रणाली) र सामाजिक भूमिका, सिन्धु सभ्यतामा भेटिने कृषक जीवनशैलीसँग मेल खान्छ। **जगदेव प्रसादको मूलनिवासी सिद्धान्त** कुशवाहा जातिको इतिहासलाई प्राचीन सभ्यताको गर्वसित जोडिएको छ।
https://thewirehindi.com/239432/remembering-marxist-leader-of-bihar-babu-jagdeo-prasad/



सिन्धु सभ्यता र बौद्ध धम्म

सिन्धु घाटी सभ्यता र बौद्ध विचारधाराको सम्भावित सम्बन्ध

आधुनिक इतिहास लेखनमा गौतम बुद्धलाई बौद्ध धम्मका संस्थापक भन दिन्छन्, जसको जन्म ई.पू. ५औं शताब्दीमा भएको हो। तर **बौद्ध परम्पराका अनुसार**, उहाँ *२८औं बुद्ध* हुनुहुन्छ, र उहाँभन्दा पहिले पनि धेरै बुद्धहरू पृथ्वीमा प्रकट भइसकेका थिए – जस्तै *दीपंकर बुद्ध, कश्यप बुद्ध, ककुसंध बुद्ध* आदि।

सिन्धु घाटी सभ्यतामा हामीले धेरै अत्याधुनिक प्रविधिहरू र जीवनशैलीका चिन्हहरू फेला पार्छौं, जसमा ध्यान, साधना, र प्राकृतिक जीवनशैलीको महत्त्व रहेको देखिन्छ। यस सभ्यताको धार्मिक विश्वास र समाजिक संरचना बौद्ध विचारधारासँग गहिरो सम्बन्ध राख्छ, र केही विद्वानहरूले यो तर्क गरेका छन्

कि बौद्ध धम्म सिन्धु घाटी सभ्यताको नैतिक र दार्शनिक विचारबाटै उत्पन्न भएको हो। यसले संकेत गर्छ कि बौद्ध विचारको बीज त्यही सभ्यताको गर्भमा अंकुरित भएको ।

१. ध्यान र साधना: सिन्धु सभ्यताको प्रमुख पहलु

सिन्धु घाटी सभ्यतामा ध्यान र साधनाको महत्व स्पष्ट रूपमा देखिन्छ। मोहनजो-दारो र हडप्पाका पुरातात्त्विक उत्खननहरूले हामीलाई ध्यानको मुद्रामा बसेका आकृतिहरू प्रदान गरेका छन्, जसलाई विश्लेषकहरूले प्राचीन योगीहरूको चित्रण मानेका छन्। विशेष गरी मोहनजोदाडोबाट प्राप्त "Priest-King" को मूर्ति, जसमा आँखा अर्ध-बन्द, मुद्राहरू गम्भीर चिन्तन जस्तै देखिन्छ।

। यसका आधारमा, यो मान्न सकिन्छ कि सिन्धु सभ्यतामा ध्यान र साधनाको अभ्यास प्रचलित थियो, जुन पछि बौद्ध धम्मको केन्द्रीय अङ्ग बन्यो।

- 
- **उदाहरण:**

स्रोतहरू:

  - Possehl, G. L. (2002). *The Indus Civilization: A Contemporary Perspective*. Rowman Altamira.

- Wheeler, Mortimer. (1968). *The Indus Civilization*. Cambridge University Press.

२. अहिंसाको झल्को

- **विवरण:** सिन्धु सभ्यताको खुदाइमा सैन्य उपकरणहरू अत्यन्त कम पाइएका छन्, जसले यो सभ्यता शान्तिप्रिय हुनसक्ने देखाउँछ।
- **स्रोतहरू:**

  - Kenoyer, J. M. (1998). *Ancient Cities of the Indus Valley Civilization*. Oxford University Press.
  - Singh, Upinder. (2008). *A History of Ancient and Early Medieval India*. Pearson Education India.



३. स्वच्छता र जीवनशैली

सिन्धु घाटी सभ्यता, विशेष गरी मोहनजो-दारो र हडप्पाका उत्खननमा प्राप्त संरचनाहरू र सुविधाहरूले स्वच्छता र संयमित जीवनशैलीको महत्त्वलाई स्पष्ट रूपमा प्रकट गर्छ। मोहनजोदाडोबाट प्राप्त भएको Great Bath" (महान स्नानगृह),यसको लम्बाइ उत्तरदेखि दक्षिणतर्फ ५५ मिटर र चौडाइ पूर्वदेखि पश्चिमतर्फ ३३ मिटर छ / निजी सौचालयहरू र उन्नत नाली प्रणालीहरूले सिन्धु सभ्यताको उन्नत जीवनशैलीको प्रमाण प्रस्तुत गर्छ। यी संरचनाहरूले मात्र स्वच्छता र शारीरिक हाइजिनको महत्त्वलाई बुझाउँदैनन्, बरु यी प्रवृत्तिहरूको दार्शनिक आधार बौद्ध धम्ममा पाइन्छ, जसले शरीर र मानसिक शुद्धताको महत्त्वलाई रेखांकित गर्छ।

यसको लम्बाइ उत्तरदेखि दक्षिणतर्फ ५५ मिटर र चौडाइ पूर्वदेखि पश्चिमतर्फ ३३ मिटर छ

- **उदाहरण:** मोहनजोदाडोको "Great Bath", निजी सौचालय, नाली प्रणाली आदिले स्वच्छता र संयमित जीवनशैलीको झल्को दिन्छ।

- **स्रोतहरू:**

  - Dani, A. H. & Masson, M. (1992). *History of Civilizations of Central Asia, Vol. I*. UNESCO.

  - Allchin, Bridget & Allchin, Raymond. (1982). *The Rise of Civilization in India and Pakistan*. Cambridge University Press.


Figure: 2 सिन्धुघाटी सभ्यता नगरमा स्थित एक कुवा तथा

सिन्धु घाटी सभ्यता र बौद्ध धम्मका सिद्धान्तहरूबीच सीधा सम्बन्ध नदेखिए पनि, स्वच्छता र संयमित जीवनशैलीका दृष्टिकोणबाट यी दुईको बीचमा उल्लेखनीय

समानताहरू देखिन्छन्। सिन्धु सभ्यताले प्रस्तुत गरेको उन्नत स्वच्छता प्रणाली र जीवनशैलीले बौद्ध धम्ममा प्रकट भएका शारीरिक र मानसिक शुद्धताको महत्त्वलाई पुष्टि गर्छ। यसले यो संकेत गर्दछ कि बौद्ध धम्मका केही विचारहरू प्राचीन सिन्धु सभ्यताबाट प्रभावित वा उत्पन्न भएका हुनसक्छन्।s

४. सांस्कृतिक प्रतीकहरूको व्याख्या: सिंधु सभ्यताका केही मुद्राहरू र प्रतीकहरू, जस्तै वृक्ष पूजा, चक्र आदि, यदि वैदिक दृष्टिकोणबाट मात्र नभई बौद्ध दृष्टिकोणबाट हेरियो भने, तिनीहरूलाई बौद्ध प्रतीकहरूसँग तुलना गर्न सकिन्छ।

- Conze, Edward. (1951). *Buddhist Thought in India*. George Allen & Unwin.

- Gombrich, Richard. (2006). *Theravāda Buddhism: A Social History from Ancient Benares to Modern Colombo*. Routledge.

५;¿

मन्दिरहरूको अभाव र प्रतीकात्मक धम्म: सिंधु उपत्यकामा ठूलो मन्दिर वा मूर्ति-आधारित पूजा प्रणालीको प्रमाण भेटिएको छैन। यो प्रारम्भिक बौद्ध परम्परासँग मेल खान्छ, जहाँ बुद्धको पूजा मूर्तिद्वारा होइन, प्रतीकहरू (जस्तै बोधिवृक्ष, धम्मचक्र, स्तूप) मार्फत गरिन्थ्यो।



6. माटोका भाँडाहरूबाट सिन्धु र आर्य सभ्यता

पुरातात्त्विक प्रमाणहरूमा विभिन्न समयमा भेटिएका माटोका भाँडाहरूले पनि सिन्धु सभ्यता आर्य सभ्यताभन्दा पुरानो भएको पुष्टि गर्छन्।

जसरी कालो रंगका आकृतिहरूले सजाइएको रातो माटोको भाँडो हडप्पा सभ्यतासँग सम्बन्धित मानिन्छ, त्यसैगरी धूसर र चित्रित धूसर माटोका भाँडाहरू (जो पछि देखा परेका हुन्) आर्य सभ्यतासँग सम्बन्धित मानिन्छन्।



0

बौद्ध धम्म केवल गौतम बुद्धसँग सुरू भएको होइन। बौद्ध परम्पराका अनुसार, धम्म सदा विद्यमान रहन्छ, र बुद्धहरू त्यसको प्रचारक मात्र हुन्। सिन्धु सभ्यताको धार्मिक संस्कृति, ध्यानशीलता, करुणा र अहिंसात्मक जीवनशैली हेर्दा, यस सभ्यताको गर्भमा नै **बौद्ध धम्मका मौलिक बीजहरू अंकुरित भएको स्पष्ट संकेत** पाइन्छ। अतः गौतम बुद्ध तिनै बीजहरूको पुनर्जागरणकर्ता थिए।

सिन्धु सभ्यता र पहिले चार बुद्ध

बौद्ध धम्मको उत्पत्तिमा सिन्धु सभ्यताको धार्मिक परम्परा र विचारहरूले ठूलो योगदान पुऱ्याएको थियो। विशेष गरी बौद्ध धम्मका पहिले चार बुद्ध–**तान्हङ्कर, मेधाङ्कर, शरणाङ्कर, र दीपङ्कर**–सिन्धु सभ्यताका थिए। यी चारै बुद्ध बौद्ध धम्मका प्रारम्भिक प्रमुख बुद्ध थिए, जसले समाजलाई शान्ति, करुणा, र सत्यको मार्गमा हिंड्न प्रेरित गरे।

१. तान्हङ्कर बुद्ध (Tanhankara Buddha)

तान्हङ्कर बुद्ध पहिलो बुद्ध थिए, जसले जीवनका दुःख समाप्त गर्न आफ्नो उपदेश फैलाए। उहाँ ध्यान र साधनाको माध्यमबाट सत्यको खोजी गर्न समर्पित हुनुहुन्थ्यो। उहाँका उपदेशहरू सिन्धु सभ्यताका धार्मिक आस्थासँग गहिरो रूपमा जोडिएका थिए, जहाँ ध्यान र साधनालाई उच्च महत्व दिइन्थ्यो।


- **जन्मस्थान: हड़प्पा** (आजको पाकिस्तानको पंजाब क्षेत्र), सिन्धु सभ्यताका प्रमुख स्थलहरू मध्ये एक।



२. मेधाङ्कर बुद्ध (Medhankara Buddha)

मेधाङ्कर बुद्ध दोस्रो बुद्ध हुनुहुन्थ्यो, जसले मानसिक शान्ति र धैर्यको महत्व सिकाउनुभयो। उहाँका उपदेश अनुसार प्रत्येक व्यक्तिले आफ्नो आन्तरिक सुख खोज्नुपर्ने हुन्छ। सिन्धु सभ्यतामा पनि शान्ति र आत्मज्ञानलाई ठूलो महत्व दिइन्थ्यो, र मेधाङ्कर बुद्धले त्यही तत्व आफ्नो शिक्षामा समावेश गर्नुभयो।


संभावित जन्मस्थान: चन्हुदड़ो (Chanhu Daro) हालको पाकिस्तानको सिन्ध क्षेत्र, एक प्रमुख सिन्धु सभ्यताको नगर थियो।



३. शरणाङ्कर बुद्ध (Saranankara Buddha)

शरणाङ्कर बुद्ध तेस्रो बुद्ध हुनुहुन्थ्यो, जसले शरण र समर्पणको महत्वलाई जोड दिनुभयो। उहाँले जीवनलाई सही दिशामा लैजान शरण ग्रहण गर्नुपर्ने उपदेश दिनुभयो। सिन्धु सभ्यतामा पनि शरण लिने र पूजाको परम्परा प्राचीनकालदेखि नै रहेको थियो, जुन पछि बौद्ध धम्ममा स्पष्ट रूपमा प्रकट भयो।

- **संभावित जन्मस्थान: मोहेन्जोदारो** (आजको पाकिस्तानको सिन्ध प्रान्त), जहाँ धार्मिक र आध्यात्मिक रीतिहरूको महत्त्व थियो र शरण र पूजा परम्पराले समाजमा ठूलो स्थान पाएको



थियो।



४. दीपङ्कर बुद्ध (Dipankara Buddha)

दीपङ्कर बुद्ध चौँथो बुद्ध हुनुहुन्थ्यो, जो ज्ञान र सत्यको प्रकाश फैलाउन प्रसिद्ध थिए। उहाँले समाजलाई अन्धकारबाट बाहिर निकालेर ज्ञानको मार्ग देखाउनु भयो। दीपङ्कर बुद्धका उपदेशहरू सिन्धु सभ्यताका धार्मिक र दार्शनिक विचारहरूबाट प्रेरित थिए, जहाँ ज्ञानलाई उच्चतम मूल्य मानिन्थ्यो।**संभावित जन्मस्थान: सिंध क्षेत्र** (आजको पाकिस्तानको सिंध प्रान्त),



सिन्धु सभ्यता र बौद्ध धम्म को सम्बन्ध: प्रमाणसहितको अध्ययन

हालै हराएको काहू-जो-दरो, मीरपुरखासको बौद्ध स्तूप वास्तवमा प्राचीन बौद्ध सभ्यताको एक महत्वपूर्ण भाग थियो र यो प्राचीन इन्डो-रोमन टेराकोटा कला तथा वास्तुकलाको उत्कृष्ट उदाहरणहरूमध्ये एक हो। यो स्थान हालको पाकिस्तानको सिन्ध प्रान्तको थार पार्कर जिल्लामा, मीरपुरखासको उत्तरमा अवस्थित थियो र लगभग ३० एकड (१२ हेक्टर) जमिनमा फैलिएको थियो। पछिल्लो अध्ययन अनुसार, यो स्थल


पूर्ण रूपमा नष्ट भइसकेको छ। vvvv



Fig. Kahu-jo-daro Stupa site pic, Mirpurkhas, Sindh, Pakistan, 2012

vvvv

1



Based upon Survey of India map with the permission of the Surveyor General of India

The territorial waters of India extend into the sea to a distance of twelve nautical miles measured from the appropriate base line

Bhutan is a State in Special Treaty relations with India

सिन्धमा बौद्ध धम्म को उपस्थित

सिन्ध क्षेत्रमा बौद्ध धम्म कहिले र कसरी स्थापित भयो अझ प्रमाण जुटाउन कोशिश गर्दै जानु पर्छ, किनकि यसबारे पुरातात्त्विक तथा साहित्यिक प्रमाणहरू सीमित छन्। तथापि, यस क्षेत्रमा बौद्ध धम्म मौर्य सम्राट अशोकको पालामा नै पुनर्जागरण गरेको देखिन्छ। गन्धार क्षेत्र हुँदै यस धम्म लाई इन्डो-ग्रीक, सिथियन, पार्थियन, तथा कुषाण शासनकालमा झन् विस्तार गरिएको थियो। विशेष गरी, इन्डो-ग्रीक राजा मेनान्डरले हिन्दूकुश र सिन्ध क्षेत्रबीच बौद्ध धम्म को प्रचारमा महत्वपूर्ण भूमिका खेलेका थिए।

अशोक सम्राट तक्षशिलाको गभर्नर रहँदा (३००-२७३ ई.पू.), उनको गहिरो सम्बन्ध सिन्ध क्षेत्रसँग थियो। पछि, जब उनी बौद्ध बने, तब तक्षशिला बौद्ध धम्म को एक प्रमुख केन्द्र बन्यो। कुषाण शासनकालमा त बौद्ध स्मारकहरू निर्माण गर्ने कार्य झन तीव्र बन्यो।



Fig. West face of Kahu-jo-daro Stupa, Mirpurkhas, Sindh, Pakistan, Photo Courtesy: Archaeological Survey of India

हडप्पा सभ्यता र बौद्ध धम्म को सम्बन्ध

काहू-जो-दरोको टेराकोटा बौद्ध स्तूप कुनै छुट्टै कला गतिविधि होइन, बरु यो हडप्पा सभ्यताको निरन्तरता हो भन्ने कुरामा शङ्का गर्नुपर्ने ठाउँ छैन। मोहनजोदडोमा पाइएका बौद्ध संरचनाहरूले पनि

प्रमाणित गर्छन् कि हडप्पा सभ्यताको ईंटबाट बनेका फर्शहरू नै पछि बौद्ध धम्म का स्थापत्यका लागि प्रयोग भएका थिए।

बुद्धभन्दा पहिलेका २७ बुद्धहरूको उल्लेख बौद्ध ग्रन्थहरूमा पाइन्छ। यिनीहरू प्राचीन हडप्पा सभ्यतासँग सम्बन्धित हुनसक्ने संकेत पुरातात्त्विक प्रमाणहरूले दिन्छ। त्यसैले, बौद्ध धम्म को जरा सिन्धु सभ्यतामा नै रहेको हुनसक्छ। विशेष रूपमा, सिन्ध सभ्यताका चार बुद्धहरूलाई बौद्ध धम्म मा समाहित गरिँदै चिनियो:

१. तन्हंकर
२. मेधंकर
३. सरणंकर
४. दीपंकर

कला परम्परा र वास्तुकला

गन्धार क्षेत्रमा विकसित ग्रीक-रोमन कला परम्परा मथुराको देशी शैलीसँग मिसिएर भारतीय बौद्ध कला परम्पराको निर्माण भएको पाइन्छ। सिन्ध क्षेत्रको कलात्मक परम्परामा गुप्तकालीन प्रभाव पनि स्पष्ट रूपमा देख्न सकिन्छ। समुद्रगुप्तको शासनकालमा उत्तर-पश्चिम भारत र गन्धारबीच सांस्कृतिक तथा व्यापारिक सम्बन्ध विकसित भएको उल्लेख इलाहाबाद स्तम्भ अभिलेखमा पाइन्छ।

गुप्तकालमा बौद्ध स्तूप तथा मन्दिरहरू निर्माणको प्रवृत्ति व्यापक थियो। गुप्त शासकहरूले इँटाको प्रयोग गरेर तीव्र रूपमा स्मारक निर्माण गर्ने प्रवृत्तिलाई अघि बढाए। काहू-जो-दरोको बौद्ध स्थापत्यमा पनि गुप्त तथा कुषाणकालीन प्रभावहरू देख्न सकिन्छ।



Fig. Seated Buddha, Terracotta, Kahu jo-dao Stupa, Mpurkas, Sindh, Pakistan, 5th century CE, Cll: CSMWVS, TC2

बौद्ध धम्म को निरन्तरता

यद्यपि ७१५ ईस्वीमा अरब विजेता मुसलमानहरू सिन्ध क्षेत्रमा प्रवेश गरे, त्यसपछि पनि बौद्ध धम्म यहाँ जीवित नै रह्यो भन्ने प्रमाणहरू पाइन्छन्। काहू-जो-दरो क्षेत्रबाट फेला परेका बिनापाकेको माटोका पूजा ट्याबलेटहरू तथा अरब ताम्र मुद्राहरूले यो संकेत गर्छ कि कम्तीमा ९औं-१०औं शताब्दी ईस्वीसम्म यो क्षेत्र एक प्रमुख बौद्ध केन्द्र थियो।



Fig. Kubera, Terracotta, Kahu-jo-daro Stupa, Mirpurkhas, Sindh, Pakistan, 5th century CE, Dia. approximately 20 cms, Coll.: CSMVS, TC 51

सिन्ध क्षेत्रमा बौद्ध धम्म को प्रभाव ह्वेनसाङ (६२९-६४५ ई.) तथा यी-चिङ (६७१-६९५ ई.) जस्ता चिनियाँ यात्रीहरूले पनि आफ्नो विवरणमा उल्लेख गरेका छन्। यी विवरणहरूले देखाउँछन् कि यो क्षेत्र मूलतः हीनयान सम्प्रदायको प्रभावमा थियो, जसले बुद्धको मूर्ति पूजालाई केही हदसम्म मात्र स्वीकारेको देखिन्छ।

काहू-जो-दरो र सिन्धु सभ्यताबाट प्राप्त पुरातात्त्विक प्रमाणहरूले देखाउँछ कि बौद्ध धम्म को जरा धेरै प्राचीन छ, र यसले हडप्पा सभ्यताबाट नै उत्पत्ति लिएको थियो। कला, वास्तुकला, धार्मिक



Fig. Nalanda type seals and clay tablets, Kahu-jo-daro Stupa, Mirpurkhas, Sindh, Pakistan,Coll.: CSMVS, M-137, M-146, M-184, M-152

सम्प्रदाय, र पुरातात्त्विक प्रमाणहरूको अध्ययन गर्दा स्पष्ट देखिन्छ कि बौद्ध धम्म हडप्पा सभ्यता र सिन्ध क्षेत्रको परम्परागत धार्मिक संरचनाबाट विकसित भएको थियो।

यसरी, सिन्धु सभ्यता मात्र एउटा प्राचीन सभ्यता थिएन, बरु यस सभ्यताले बौद्ध धम्म को उदय र विकासमा महत्वपूर्ण भूमिका खेलेको स्पष्ट देखिन्छ।

ref https://csmvs.in/wp-content/uploads/publication_newsletters/The-Lost-Terracotta.pdf

सम्पूर्ण बुद्धहरूको विस्तृत व्याख्या

पहिला चार बुद्धहरू सिन्धु सभ्यतासँग सम्बन्धित थिए। यसकारण, बुद्धको सिद्धान्त सिन्धु उपत्यकाको सभ्यता बाटै सुरु भएको मानिन्छ, जहाँ कुशवाहा जातिको उत्पत्तिको केन्द्र थियो। यस सभ्यताको धार्मिक, दार्शनिक, र सांस्कृतिक अभ्यासहरूले बुद्ध धम्मको आधारशिला तयार पारेका थिए। बुद्ध धम्मका मौलिक तत्वहरू, जस्तै ध्यान, अहिंसा, तथा आत्मज्ञान प्राप्त गर्ने मार्ग, यी सबै सिन्धु सभ्यताका परम्परागत अभ्यासहरूसँग मिल्दोजुल्दो देखिन्छ।

बुद्ध धम्मको विकास सिन्धु सभ्यता देखि सुरु भएको थियो, र समयक्रममा विभिन्न बुद्धहरूले यसलाई समृद्ध बनाउँदै लगे। गौतम बुद्ध अन्तिम बुद्ध हुनुहुन्छ, तर भविष्यमा मैत्रेय बुद्ध आउनु हुनेछ भन्ने विश्वास गरिन्छ।

२८ सम्मा-सम्बुद्धहरू (शिक्षा दिने बुद्धहरू जसले धम्म हराएपछि पुनः खोजी गरी जनतालाई शिक्षा दिन्छन्) भइसकेका छन्, जसको अन्त्य हाम्रो समयका ऐतिहासिक बुद्धमा भएको छ। बुद्ध न त पहिलो बुद्ध हुनुहुन्थ्यो, न त अन्तिम।

धेरैजसो थेरवाद देशहरूमा बौद्ध धम्मावलम्बीहरूले २८ बुद्धहरूको सम्मान गर्न भव्य पर्वहरू आयोजना गर्ने चलन छ। उदाहरणका लागि, म्यानमारका विभिन्न ठाउँहरूमा २८ बुद्धहरूको सम्मानमा विशेष रूपमा सफा मौसमको समयमा पर्वहरू आयोजना गरिन्छ। यी २८ बुद्धहरूले ज्ञान प्राप्त गरेको कुरा त्यसबेलादेखि मानिन्छ जब गौतम बुद्धले पहिलो निश्चित भविष्यवाणी (भविष्यमा बुद्ध हुने सुनिश्चितता) दीपंकर बुद्धबाट प्राप्त गर्नुभयो। धेरैजसो बौद्ध परम्पराहरूअनुसार, भविष्यमा आउने अर्को बुद्ध मेत्तेय (मैत्रेय) हुनेछन्।

प्रत्येक बुद्धले वृक्षको मुनी ध्यान गरेर ज्ञान प्राप्त गरेका थिए। ती सबै वृक्षहरूलाई बोधि वृक्ष मानिन्छ, तर ती सबै एउटै जातका वृक्ष थिएनन्।

२८ बुद्धहरूको नाम

यहाँ 1 देखि 28 सम्मको बुद्धहरूको विवरणलाई क्रमबद्ध गरेर दिइएको छ:

1. **तन्हंकर** - एक बुद्ध जसले आत्मज्ञान र शान्तिको मार्ग खोल्नुभयो।

2. **मेधंकर** - एक बुद्ध जसले गहिरो ज्ञान र प्रज्ञाको शिक्षा दिनुभयो।

3. **सरणंकर** - एक बुद्ध जसले शरण र सुरक्षा खोज्नका उपायहरू देखाए।

4. **दीपंकर** - एक बुद्ध जसले अन्धकारबाट प्रकाश तर्फको मार्गदर्शन गरे।

5. **कौण्डिञ्य** - एक बुद्ध, जसको शिक्षा र ज्ञानले मानवता र समृद्धिको मार्ग प्रशस्त गर्यो।

6. **मङ्गल** - एक बुद्ध जसले समृद्धि र शान्ति ल्याउने शिक्षा दिनुभयो।

7. **सुमन** - एक करुणामय बुद्ध जसले शान्ति र दयाको प्रचार गरे।

8. **रेवत** - एक बुद्ध जसले ध्यान र अनुशासनको महत्त्वलाई जोड दिनुभयो।

9. **सोभित** - एक बुद्ध जसको शिक्षाले समरसता र सहकार्यको बाटो देखायो।

10. **अनोमदस्सी** - एक बुद्ध जसको शिक्षाले संसारलाई शुद्धता र ज्ञानमा मार्गदर्शन गर्यो।

11. **पदुम** - एक बुद्ध जसले मोक्षको शिक्षा र साधनामा ध्यान केन्द्रित गरे।

12. **नारद** - एक बुद्ध जसले दुःख र त्यसको निवारणका उपायहरूमा गहिरो ध्यान दिए।

13. **पदुमुत्तर** - एक बुद्ध जसले प्रगति र समृद्धि ल्याउने ज्ञान दिनुभयो।

14. **सुमेध** - एक बुद्ध जसले साधना र ध्यानको महत्त्व बुझाउनुभयो।

15. **सुजात** - एक बुद्ध जसको शिक्षाले शान्ति र समर्पणको महत्त्वलाई उजागर गर्यो।

16. **पियदस्सी** - एक बुद्ध जसले मानवता र धम्मको आस्थामा मार्गदर्शन गर्यो।

17. **अठ्ठदस्सी** - एक बुद्ध जसले सत्य र नैतिकता सम्बन्धी शिक्षामा जोड दिनुभयो।

18. **धम्मदस्सी** - एक बुद्ध जसले धम्म र नैतिकताको महत्त्वलाई प्राथमिकता दिनुभयो।

19. **सिद्धार्थ** - गौतम बुद्ध, जसले सत्य र आत्मज्ञानको खोजी गर्दै बौद्ध धम्मको स्थापना गरे।

20. **तिस्स** - एक बुद्ध जसले संसारको असारता र दुःखलाई बुझायो र त्यसको समाधानका उपाय प्रस्तुत गरे।

21. **फुस्स** - एक बुद्ध जसले जीवनका कठिनाइ र समाधानका उपायहरूमा गहिरो शिक्षा दिइरहनुभयो।

22. **विपस्सी** - एक बुद्ध जसले ध्यान र बौद्धिकता मार्फत शान्तिको बाटो देखाए।

23. **सिक्खी** - एक बुद्ध जसले ध्यान र साधनामा समर्पणको महत्त्व बुझाए।

24. **वेसभू** - एक बुद्ध जसले दुःखको स्रोत र समाधानमा महत्वपूर्ण शिक्षा दिए।

25. **ककुसंध** - एक बुद्ध जसको शिक्षाले सन्तुलन र शान्तिको मार्ग खोल्यो।

26. **कोणागमन** - एक बुद्ध जसले बौद्ध धम्मका सिद्धान्त र उद्देश्यलाई स्पष्ट गरे।

27. **कश्यप बुद्ध** - एक बुद्ध जसले बुद्धिमत्ता र शान्तिको शिक्षामा प्रगति र गहिरो ज्ञान प्रस्तुत गरे।

२८. गौतम बुद्ध

(स्रोत: खुद्दक निकाय, बुद्धवंस)

सन्दर्भ:*The Complete Book of Buddha's Lists -- Explained*, डेविड एन. स्नाइडर, पीएच.डी., २००६

- 28 Buddhas - Dhamma Wiki https://www.dhammawiki.com/index.php/28_Buddhas

बुद्ध वंशावलीमा २८ औं गौतम बुद्ध

बौद्ध परम्परा अनुसार, गौतम बुद्धलाई बुद्ध वंशावलीमा २८ औं बुद्धको रूपमा चिनिन्छ। यस वंशावलीमा विगतका बुद्धहरूको शृङ्खला समावेश छ, जसले बुद्धत्व प्राप्त गरे र आफ्नो शिक्षाहरू संसारमा फैलाए।

गौतम बुद्ध, जसलाई सिद्धार्थ गौतम पनि भनिन्छ, परापूर्व काल मा सिंध सभ्यतामा स्थापित बौद्ध धम्म लाई संवर्धन, प्रवर्धन र प्रचार प्रसार गरी पुनर्जागरण गरेका थिए र विश्व इतिहासका सबैभन्दा महत्त्वपूर्ण आध्यात्मिक नेताहरूमध्ये एक मानिन्छन्। उनको जन्म हालको नेपालको लुम्बिनीमा लगभग ५६३ ईसा पूर्वमा भएको थियो।

उनको बाल्यकालको नाम सिद्धार्थ गौतम थियो र उनी शाक्य वंशका राजकुमार थिए। उनी एक विलासी जीवनमा हुर्केका थिए, तर उनले चाँडै संसारको दुःख र पीडाको अनुभव गरे।

सिद्धार्थले ज्ञानको खोजीमा वर्षौंसम्म यात्रा गरे। उनले विभिन्न गुरुहरूसँग अध्ययन गरे र कठोर तपस्या गरे। अन्ततः, उनी हाल भारत को बिहार राज्य मा पर्ने बोधगयामा पीपलको रूखमुनि बसे र ध्यान गरे। उनी ४९ दिनसम्म ध्यानमा बसे, र अन्ततः उनले आत्म ज्ञान प्राप्त गरे र बुद्ध बन ।

बुद्धको मृत्यु पछि, उनका अनुयायीहरूले उनको शिक्षालाई संसारभरि फैलाए। बौद्ध धम्म आज विश्वका प्रमुख धम्महरूमध्ये एक हो, र यसका करोडौं अनुयायीहरू छन्।

बुद्धलाई शान्ति, करुणा र ज्ञानको प्रतीकको रूपमा लिइन्छ। उनका शिक्षाहरूले आज पनि मानिसहरूलाई प्रेरणा दिन्छन् र विश्वभरि शान्ति र सद्भावलाई बढावा दिन्छन्।

"एसियाको ज्योति"

सर एडविन अर्नोल्डले गौतम बुद्धको जीवनीलाई "द लाइट अफ एसिया" नामक महाकाव्य कविताको रूपमा लेखेका थिए। यस कविताले बुद्धको जीवन र शिक्षाहरूलाई पश्चिममा परिचित गराउन मद्दत गर्‍यो। "द लाइट अफ एसिया" ले बुद्धलाई "एसियाको ज्योति" को रूपमा चित्रित गर्दछ, जसले संसारलाई दुःखको अन्धकारबाट मुक्तिको मार्ग देखाउँछ।

गौतम बुद्धको जीवन र शिक्षाहरूले आज पनि मानिसहरूलाई शान्ति, करुणा र ज्ञानको मार्गमा डोर्‍याउँछन्।

ब्राह्मण को उद्भव र आर्यहरूको आगमन

आर्यहरूको आगमन र सामाजिक वर्गको प्रारम्भ

इतिहासकारहरूको अनुसन्धान अनुसार, आर्यहरू लगभग १००० ई पू (BCE)तिर युरेसियन स्टेप्पे क्षेत्र (Central Asia) बाट सरेर, आजको अफगानिस्तान र पाकिस्तान क्षेत्र हुँदै भारत प्रवेश गरे। यिनै आर्यहरूलाई 'इन्डो-आर्यन' भनिन्छ। उनीहरूले भारतमा नयाँ भाषा (संस्कृत), वैदिक परम्परा, यज्ञसंस्कृति, र सामाजिक संरचना ल्याए। आर्य समाजको आरम्भिक कालखण्डमा समाजलाई मुख्यतः तीन भागमा विभाजन गरिएको थियो—ब्राह्मण (पुरोहित), क्षत्रिय (योद्धा), र वैश्य (व्यापारी तथा कृषक)। केही समयपछि, चौथो वर्गका रूपमा शूद्रहरू (सेवा तथा श्रम गर्ने वर्ग) थपिए।

ब्राह्मणको उदय र धार्मिक भूमिकाको स्थिरीकरण

ब्राह्मण वर्गलाई आर्य समाजमा धार्मिक तथा वैदिक कर्मकाण्डको जिम्मेवारी दिइन्थ्यो। उनीहरूले मन्त्र, यज्ञ, होम, पूजा, तथा शिक्षा प्रणालीलाई सञ्चालन गरे। ऋग्वेद (~१०००–५००० BCE) मा 'ब्राह्मण' शब्दको प्रयोग भए पनि त्यसबेला यसले "पेशा-आधारित पुरोहित" जनाउँथ्यो, न कि जन्मसिद्ध जाति। प्रारम्भमा यो वर्ग सामाजिक रूपमा लचिलो थियो, तर समयक्रममा जब धम्मशास्त्रहरू लेखिन थाले—जसमा मनुस्मृति, पद्म पुराण, र ब्राह्मण ग्रन्थहरू (शतपथ ब्राह्मण आदि) उल्लेखनीय छन्—ब्राह्मणहरूको हैसियत स्थायीत्वतर्फ अग्रसर भयो।

वर्ण व्यवस्था र ब्राह्मणिक प्रभुत्वको वैधानिकरण

मनुस्मृतिको लेखनपछि ब्राह्मणहरूले केवल वैदिक ज्ञान मात्र होइन, सम्पूर्ण सामाजिक नियम र आचरणको नियमन गर्ने अधिकार पनि आफूमा केन्द्रित गरे। वर्ण व्यवस्था जन्माधारित बनाइयो र ब्राह्मणहरूलाई ज्ञान, धर्म, र नैतिकताको एकमात्र अधिकारी बनाइएको पाइन्छ। यसरी वैदिक धर्मको

संरचनाले ब्राह्मण जातिलाई समाजको सर्वोच्च तहमा राख्दै, अन्य जातिहरूमाथि धार्मिक रूपमा वैध ठहरिने शोषणको संरचना बनायो।

वर्ण व्यवस्था आउनुभन्दा पहिलेको समाज सरल, बराबरीको र सहयोगी थियो। वर्ण व्यवस्था पनि मूलतः सद्भावनाका साथ बनाइएको व्यवस्था थियो - जसले कामको बाँडफाँट सहज बनाओस् भन्ने चाहना राख्थ्यो। तर समयसँगै यो व्यवस्था जन्मआधारित, कठोर, र विभेदकारी बन्यो।

वर्ण व्यवस्थाको स्पष्ट उल्लेख ऋग्वेद (झण्डै 1000-500 ई.पू.) को पुरुषसूक्तमा पाइन्छ।यस अनुसार समाजलाई चार वर्णमा बाँडिएको देखिन्छ:

1. ब्राह्मण - विद्या, धर्म, र पूजापाठका जिम्मेवार।

2. क्षत्रिय - शासन, युद्ध र सुरक्षाका जिम्मेवार।

3. वैश्य - व्यापार, कृषि र आर्थिक काममा संलग्न।

4. शूद्र - सेवा, श्रम, र समाजका आधारभूत कामहरू गर्ने वर्ग।

यो वर्ण विभाजन वैदिक ऋषिहरूले गरेका हुन्। यसलाई पछि मनु ले मनुस्मृति मार्फत विस्तृत र कठोर बनाए। मनुका विचार अनुसार मानिसको कर्म, धर्म, र कर्तव्य वर्णअनुसार निर्धारण हुने थियो।

समय बित्दै जाँदा यो प्रणालीलाई कुनै वर्ग विशेषले सत्ता, धर्म र सम्पत्तिमा एकाधिकार कायम राख्न प्रयोग गर्न थाले।

ईस्वी 200 मा ब्राह्मण र क्षत्रिय वर्गले अरू वर्गमाथि नियन्त्रण कायम गर्न जन्मआधारित वर्ण प्रणालीलाई बलियो बनाए।

वर्ण व्यवस्था स्थापनाको पहिलेको समाज जसलाई प्रायः आदिम समाज भनिन्छ। विवाह प्रणाली आजभन्दा धेरै लचिलो, सरल, र बराबरीमा आधारित थियो। त्यो समयमा सामाजिक संरचना वर्ण वा जातमा आधारित थिएन, त्यसैले बिहेबारी पनि वर्ण वा जातका नियमले बाँधिएको थिएन।

गोत्र, कुल, वा समुदाय जसलाई वंश भनिन्छ त्यसमा आधारित समाजका मानिसहरू स-साना समुदाय (tribes), गोत्र, वा कुलमा बस्थे। विवाह मुख्य रूपमा आफ्नो कुल वा गोत्रबाहिर गरिन्थ्यो, जसलाई गोत्रबहिर्गम विवाह भनिन्थ्यो।

कोइरीका पूर्वज, शाक्य वंश र कोलीय वंशको उत्पत्ति*

थप अनुसन्धान तथा खोज गर्दा कोइरी, जसलाई कुशवाहा भनिन्छ, भारत र नेपालका एक प्रमुख जातिका रूपमा चिनिन्छन्।कोइरीहरूको ऐतिहासिक उत्पत्तिमा शाक्य वंश र कोलीय वंशसँगको सम्बन्ध पनि उल्लेखनीय छ। शाक्य र कोलीय वंश गौतम बुद्धको जीवनसँग प्रत्यक्ष सम्बन्धित भएका कारण यी वंशहरूको इतिहासमा पनि ठूलो महत्व छ।

शाक्य वंशको उत्पति:

शाक्य वंश को उत्पत्ति सूर्यवंशी इच्छ्वाकु वंशका राजा ओक्काकबाट भएको मानिन्छ। राजा ओक्काकको जेठी रानीबाट ९ जना सन्तान जन्मिएका थिए। यी सन्तानमध्ये चार छोरा - ओक्कमुख, कर्कन्द, हत्थिनिका, र सिन्निपुरा - र पाँच छोरीहरू - प्रिया, सुप्रिया, आनन्दा, विजिता, र विजितासेन् थिए।

तर, राजा ओक्काकले आफ्नो कान्छी रानी जयन्तीबाट जन्मेको छोरा जयन्तलाई राजा बनाउने इच्छा राखेका थिए। यस कारणले गर्दा, जेठी रानीका नौ सन्तानलाई देश निकाला गरी दिए। यिनीहरू कपिल मुनि बस्तीको नजिकको जंगलमा बस्न थाले। प्रिया जेठी दिदीको रूपमा आमा सरह मानी चार भाइहरूले चार बहिनीहरूसँग विवाह गरे, जसबाट शाक्य वंशको स्थापना भएको हो।

कोलीय वंशको उत्पत्ति:

कोलीय वंशको उत्पत्ति पनि अत्यन्त रोचक छ। राम नामका काशीका शासक कुष्ठ रोगबाट पीडित थिए। उनलाई दरबारबाट निकालेर कपिलवस्तु नजिकैको जंगलमा पठाइयो। यो जंगललाई पछि "राम जंगल" भनेर चिनिन थालियो। रामले जंगलमा बस्दै गर्दा एक कोल वृक्ष मुनि बसेका थिए, जसको औषधिले उनको कुष्ठ रोग निको भयो। त्यसपछि उनले यो क्षेत्रलाई रामग्राम नामाकरण गरे।

यो समयमा जेठी दिदी प्रिया पनि कुष्ठ रोगबाट पीडित भइन्। र प्रिया पनि संयोग ले यही जंगलमा बस्ने क्रममा रामसँग भेटघाट भएपछि उनले पनि कोल वृक्षको औषधि सेवन गरेर आफ्नो रोग निको गरिन्।यस घटनापछि राम र प्रियाबीच विवाह भयो। उनीहरूले ३२ जना सन्तान जन्माए, जसले कोलीय वंशको स्थापना गऱ्यो। कोलीय शब्द कोल वृक्षसँग सम्बन्धित भएकोले यो वंशको नाम कोलीय रहन गयो।

तथागत बुद्ध र शाक्य-कोलीय सम्बन्ध:

गौतम बुद्धका पिता राजा शुद्धोधन शाक्य वंशका राजा थिए, जसको राजधानी कपिलवस्तु थियो। उनकी आमा महामाया देवी कोलीय वंशकी राजकुमारी थिइन्, जसको माइती देवदह थियो। यसरी, बुद्धलाई शाक्य र कोलीय वंश दुबैको रक्तसम्बन्ध रहेको थियो।

बुद्धको जन्म लुम्बिनीमा हुँदा उनकी आमा महामाया देवीको केही दिनमै मृत्यु भयो। त्यसपछि, उनकी सौतेनी आमा महाप्रजापति गौतमी (महामायाकी कान्छी बहिनी) ले बुद्धको पालनपोषण गरिन्। उनी लिच्छवि वंशका महासुधर्मकी पुत्री थिइन्।

यसरी, बुद्धको जीवनमा शाक्य, कोलीय, र लिच्छवि वंशको प्रभाव परेको पाइन्छ। यस सम्बन्धले उनको शिक्षामा पारिवारिक, सामाजिक, र सांस्कृतिक रूपले महत्वपूर्ण योगदान दिएको देख्न सकिन्छ।

कोलीय गणराज्य र कोइरान गणराज्य:

ईसा पूर्व ५०० देखि ३०० सम्म कोलीय वंशको कोइली गणराज्य एउटा महत्त्वपूर्ण गणराज्यको रूपमा स्थापित थियो। यो गणराज्य हाल नेपाल र भारतको भूभागमा फैलिएको थियो। "कोइली" शब्दबाट "कोइरी" शब्दको निर्माण भएको मानिन्छ। कोलीय गणराज्यका शासकहरू नै कोइरी हुन।

शाक्य-कोलीय सम्बन्ध र कोलीय गणराज्यको इतिहास

ईसा पूर्व ५०० देखि ३०० सम्म कोलीय वंशको कोलीय गणराज्य एउटा महत्वपूर्ण गणराज्यको रूपमा स्थापित थियो। यो गणराज्य हालको नेपाल र भारतको भूभागमा फैलिएको थियो। कोलीयहरू पूर्व कालदेखि नै प्रभावशाली समुदायका रूपमा परिचित थिए।

कोलीय वंश र त्यसको उत्पत्ति

"कोलीय" शब्दबाट "कोइरी" शब्दको निर्माण भएको मानिन्छ। कोलीयहरू प्रारम्भिक सिन्धु घटेको सभ्यतासँग जोडिएका र उनीहरूको गणराज्य गंगा र रोहिणी नदीको किनारमा फैलिएको थियो। कोलीय गणराज्यको राजधानी देवदह र रामग्राम रहेको थियो।

शाक्य-कोलीय सम्बन्ध

कोलीयहरू बुद्धका नजिकका नातेदार थिए। गौतम बुद्धका पिता राजा शुद्धोधन शाक्य वंशका थिए, भने उनकी आमा महामाया देवी कोलीय वंशकी राजकुमारी थिइन्। यसरी, बुद्धलाई शाक्य र कोलीय दुबै वंशको रक्तसम्बन्ध रहेको थियो।

महामाया देवीको बुद्धको जन्मको केही दिनमै मृत्यु भएपछि, उनका सौतेनी आमा महाप्रजापति गौतमीले बुद्धको पालनपोषण गरिन्। उनी पनि लिच्छवि वंश का थिइन्। यसरी, बुद्धको बाल्यकालमा कोलीय वंशको प्रभाव महत्वपूर्ण रह्यो।

कोलीय र शाक्यबीचको द्वन्द्व

शाक्य र कोलीयहरू एउटै जातीय समूहका भए पनि, तिनीहरूबीच रोहिणी नदीको पानी बाँडफाँडलाई लिएर विवाद भएको इतिहास पाइन्छ। दुवै पक्षले आफ्नो क्षेत्रका लागि पानीको दाबी गरेपछि, यो विवाद युद्धमा परिणत हुन लागेको थियो। तथागत बुद्धले हस्तक्षेप गरेर युद्ध रोक्नुभयो र दुवै पक्षलाई शान्तिको मार्ग अपनाउन प्रेरित गर्नुभयो।

कोलीय गणराज्यको महत्त्वपूर्ण योगदान

कोलीयहरू बुद्ध धम्मप्रति विशेष श्रद्धावान् थिए। बुद्धको महापरिनिर्वाणपछि, कोलीयहरूले बुद्धका अस्ति (अस्थीधातु) मागेर आफ्नै क्षेत्रमा रमग्राम स्तूप निर्माण गरेका थिए। यो स्तूप बौद्ध धम्मको महत्त्वपूर्ण तीर्थस्थलका रूपमा रहेको छ।

यसरी, कोलीय गणराज्यले बुद्धको जीवनमा मात्र नभई, बौद्ध धम्मको संवर्धन र प्रचारमा पनि ठुलो योगदान पुर्याएको देखिन्छ।



शाक्य वंशको फैलावट र कोइरीको विकास:

विटुढव नामका कोशल नरेश कपिलवस्तुमा मावली आउँदा शाक्य वंशका व्यक्तिहरूले दासी पुत्र भनेर अपमानित गर्दा, उनले आफु कौशल का राजा हुने बितिकै शाक्य वंश माथि आक्रमण गरे। सागरहावा भन्ने ठाउँ को यस आक्रमणमा १०००० सेनाहरुलाई हत्या गरे पछि शाक्य र कोलीय वंशका मानिसहरू ज्यान बचाउन चारैतिर भाग्न थाले। दक्षिणतर्फ नभागेर उनीहरू उत्तर, पश्चिम, र पूर्व दक्षिण कुना तर्फ भागे। यसरी शाक्य र कोलीय वंशका मानिसहरू विभिन्न भू भागहरूमा भागेर बसोबास गर्न थाले।

उतर तर्फ लागेको समुह हालको काठमाडौं नेपाल मण्डलको स्थापना गरे। त्यति बेला कुश / त्रिन मैदानी भाग बाट लागेर पहाडी क्षेत्र मा खाद्यान्न साटेर जीविका चलाउन थाले । पटक पटक कौशलको सेनाहरूले कोलियहरुलाई मार्न खोज्दा, हामी त्रीन शाक्य हौ । राज परिवारको होइन , **हामी त कुश ढुने कुश वाहक हौ भनेर आफ्नो ज्यान जोगाउ थे। यसै बाट कुशवाहा शब्द को उत्पत्ति भएको हो। कुश वाहक नै कुशवाहा हो।** हालमा पनि काठमाडौं मा कोरियागा स्तित्व मा छ। नेवारी भाषा मा थ: ने र क्व: ने भन्छ।

माथिलो टोल थ: ने भनेको उत्तरी कोलियाग्रमको अपभ्रंस अहिले पनि उत्तरी कोरियगा भन्छ, जुन थापाथली देखि धोबीखोला सम्म को क्षेत्र, मखन टोल र मरू टोल को बीच मा खुला चौरी देखि थवाहि (ठमेल) सम्म को क्षेत्र हो। तल्लो टोल क्व: ने भनेको दक्षिणी कोलियाग्रम को अपभ्रंस अहिले पनि दक्षिणी कोरियगा भनिन्छ। यस बाट प्रमाणित हुन्छ कि तराईमा विभिन्न ठाउँमा अहिले पनि भएको कोइरी टोल जस्तै ती गाउँ कोरियाग्रम भनी स्तित्व मा छ। त्यसरी नै पश्चिम भाग्ने समुह हरु को बस्ती अहिले पनि भारत को उत्तराखण्ड को नैनीताल नजिक कुरिया गाउँ अहिले पनि प्रमाण छ।

मौर्य वंश

दक्षिण पूर्व भागेका प्रमुख समुह हालको वीरगन्ज को क्षेत्र तर्फ भागे। त्यहाँ का भिस्वा मा अंगार स्तूप भएको संभावना छ। फेरि भिस्वामा बसोबास पछि केही सन्तानहरू पिपली वन जंगल तर्फ बसाई सरे। त्यहाँ मयूर पालन गरेर आफ्नो जीविका चलाउन थाले। यो ठाउँ हाल भारतको बिहारको चम्परण, मोतिहारी जिल्ला को क्षेत्र हो जहाँ अहिले पनि कुरीया गाऔं अवस्थित छ । मोर पालिने ठाउँ मोरनगर को रूपमा चिनिने थाले। र यहाँ का वासिन्दा मोरबंशी या मौर्य वंशी भनिन् थाल्यो। धेरै लामो वर्ष सम्म बसोबास गरी उनीहरूको आफ्नै समुदाय को पहिचान स्थापना भई सकेको थियो। एक दिन अचानक बाह्य हमला हुन्छ त्यस हमलामा त्यहाँका नगर प्रमुख को हत्या हुन्छ। त्यतिखेर प्रमुख कि जीवन साथी पत्नी गर्भ्वती थिइन् संयोगले प्रमुख कि पत्नी भागेर पाटलीपुत्र मगध भाग्न सफल भइन्। त्यहाँ एक गोठाला नन्द परिवार को घरमा शरण लिइन्। यो कुरा मगधको राजा घनानन्दले जानकारी पाउँदा मोर्वंशी भनेर मगधको नरेश बाट सहयोग र संरक्षण मा ती महिलाले महाशक्ति शाली बच्चा चन्द्रगुप्त को जन्म दिइन्। उनको लालान पालन भयो। नन्द परिवारले चन्द्रगुप्त लाई तक्षशिला विश्वविद्यालय मा पढ्ने मौका दियो। त्यतिखेर पटक पटक सिकंदरको विभिन्न राज्यहरूमा आक्रमण को कारण सबै त्रसित थिए। चन्द्रगुप्त ले राजा घनानन्द लाई भेटेर सिकंदर संगे लड्ने कुरा गर्दा छलफलमा राजा बाट चन्द्रगुप्त अपहेलित भए।



राजा घनानन्द संग सहकार्यको लागि अनुनय विनय गर्दा पनि सहयोग गरेन।त्यस पछि साना साना त्रसित राज्यहरू संग सहकार्य गरी सिकन्दरमाथि आक्रमण गरी उसलाई परास्त गरे। सिकंदर का चंगुलमा फँसेका मगध मा पनि हमला गरी मगध गणराज्य को स्थापना गरेका थिए। चन्द्रगुप्त का पुत्र विम्बिसार मौर्य पछि सम्राट अशोक ले मगध साम्राज्य को क्षेत्रफल ५२ लाख वर्ग कि मी सम्म फैलिएको गाथा सर्वविदित छ।



Maurya Empire
(c. 250 BCE)
KEY
Main capital
Regional capital
Other city
Provinces
Pillar edict or pillar of Ashoka
Major rock edict of Ashoka
Minor rock edict of Ashoka
Other inscription
GRECO-BACTRIANS
SELEUCID EMPIRE
Aria
Arachosia
Gedrosia
Shahbazgarhi
Lampaka
Ranigat
Paropamisadae/Gandhara
Mansehra
Pushkalavati
Taxila
Bucephala
Sagala
Kandahar
Kalsi
Delhi-Topra
Alexandria on the Indus
Delhi-Meerut
Delhi (Indraprastha)
Ahichchhatra
Nigali-Sagar
Shravasti
Lumbini
Bairat
Mathura
Sankissa
Rampurwa
Lauriya-Nandangarh
Sohgaura
Lauriya-Areraj
Allahabad (Prayag)
Vaishali
Gujjara
Sarnath
Pataliputra
Patala?
Kaushambi
Varanasi
Magadha
Champa
Rajagriha
Sahasram
Barabar Caves
Pundravardhana -Mahasthan
Avanti
Vidisha
Panguraria
Sanchi
Rupnath
Tripuri
Ujjain
Vanga
Saurashtra
Tamralipti
Girnar
Bharukaccha
Kundina
Vidarbha
Kalinga
Tosali
Dhauli
Pratishthana
Jaugada
Sopara
Paudanyapura
Sannati
Kuntala
Rajula-Mandagiri
Maski
Amaravati
Suvarnagiri?
Nittur
Yerragudi
Palkigundu-Gavimath
Udegolam
Jatinga-Rameshwara
Siddapur
Brahmagiri
KERALAPUTRAS
SATYA-PUTRAS
CHOLAS
PANDYAS
TAMRAPARNI

मौर्य वंशका प्रमुख १० शासकहरूको विस्तृत जानकारी

कुशवाहा का पूर्वज मौर्य वंश प्राचीन भारतको एक महान र शक्तिशाली राजवंश हो जसको स्थापना चन्द्रगुप्त मौर्यले इ.पू. ४ थो शताब्दीमा गरेका थिए। यो वंशले पहिलो पटक सम्पूर्ण भारतीय उपमहाद्वीपलाई एउटै केन्द्रीयकृत शासन अन्तर्गत ल्याएर ऐतिहासिक उपलब्धि हासिल गऱ्यो



मौर्य वंश


चन्द्रगुप्त मौर्य


बिन्दुसार मौर्य


सम्राट अशोक मौर्य


कुणाल मौर्य


दशरथ मौर्य




सम्प्रति मौर्य


शालिसुक मौर्य



देववर्मा मौर्य


शतधन्वा मौर्य


बृहद्रथ मौर्य

1. चन्द्रगुप्त मौर्य (इ.पू. 323-298)

चन्द्रगुप्त मौर्य प्राचीन भारतका महान सम्राट तथा मौर्य वंशका संस्थापक थिए। उनले सम्पूर्ण भारतलाई एउटै साम्राज्यमा समेट्न सफल भए। सामान्यतः उनको राज्यारोहण 324 ई.पू. मानिन्छ र उनले झन्डै २५ वर्ष शासन गरे।

इ.पू. 297 मा उनले राजगद्दी आफ्ना छोरा बिन्दुसारलाई हस्तान्तरण गरे। चन्द्रगुप्तको शासनकालमा तमिलनाडु र वर्तमान ओडिशाबाहेक सम्पूर्ण भारत उपमहाद्वीप मौर्य साम्राज्य अन्तर्गत थियो।

उनको साम्राज्य पूर्वमा बङ्गालदेखि पश्चिममा अफगानिस्तान, बलुचिस्तान, उत्तरमा कश्मीर र दक्षिणमा दक्कन पठारसम्म फैलिएको थियो। भारतीय इतिहासमा उनको शासन सबैभन्दा ठूलो मानिन्छ।

---

2. बिन्दुसार (इ.पू. 298-273)

बिन्दुसार, चन्द्रगुप्त मौर्यका छोरा थिए र मौर्य वंशका दोस्रो शासक। उनले झन्डै २५ वर्ष शासन गरे। उनले आफ्नो राज्य दक्षिण भारतसम्म विस्तार गरे। उनलाई "पुत्रका पिता र पिताका पुत्र" भनिन्छ किनभने उनी एक महान पिताको छोरा र महान अशोकका पिता थिए।

---

3. सम्राट अशोक (इ.पू. 273-232)

अशोक मौर्य, सामान्यतया "अशोक महान्" भनेर चिनिने, भारतका सबैभन्दा प्रसिद्ध र शक्तिशाली शासक थिए। उनले करिब ४१ वर्ष शासन गरे।

कलिङ्ग युद्धपश्चात् उनले बुद्धको शिक्षाबाट प्रभावित भई बौद्ध धम्म अंगीकार गरे। उनले नेपालको लुम्बिनी (मायादेवी मन्दिर), सारनाथ, बोधगया, कुशीनगर लगायत थुप्रै स्थानमा अशोक स्तम्भहरू स्थापना गरे।

श्रीलंका, अफगानिस्तान, पश्चिम एशिया, इजिप्ट, र ग्रिससम्म उनले बौद्ध धम्म प्रचार गरे।

उनको शासनकालमा तक्षशिला, नालन्दा, विक्रमशिला, कन्धारजस्ता २३ विश्वविद्यालय स्थापना भएका

थिए।

भारतको राष्ट्रिय चिह्न "अशोक स्तम्भ" र “सिंहका तीन मूर्ति” पनि उनकै समयका हुन्।

---

4. कुनाल (इ.पू. 263 आसपास)

कुनाल सम्राट अशोक र रानी पद्मावतीका छोरा थिए। महेन्द्रभन्दा जेठा भएकाले उनलाई उत्तराधिकारी मानिएको थियो, तर सौतेनी आमा तिष्यरक्षा (Tishyaksha) को ईर्ष्याले उनको आँखा फुटाइयो।

कुनालले तक्षशिलाका वाइसरॉयको रूपमा पनि काम गरे (इ.पू. 235 मा नियुक्ति), र उनले झन्डै ८ वर्ष शासन गरे।

---

5. दशरथ मौर्य (इ.पू. 232-224)

दशरथ, अशोकका नाति थिए। उनले अशोकको धार्मिक र सामाजिक नीति जारी राखे। उनी मौर्य वंशका अन्तिम शासक थिए जसले अभिलेखहरू (शिलालेख आदि) जारी गरे।

उनको शासन झन्डै ८ वर्ष रह्यो। उनको मृत्युपछि उनका भाइ सम्प्रति सम्राट बने।

---

6. सम्प्रति मौर्य (इ.पू. 224-215)

सम्प्रति, कुनालका छोरा र अशोकका नाति थिए। उनले ९ वर्ष शासन गरे।

उनले जैन धम्म अंगीकार गरे र भारतभरि हजारौं जैन मठ, गुफा र मूर्तिहरू निर्माण गराए।

---

7. शालिशुक मौर्य (इ.पू. 215-202)

शालिशुक मौर्य वंशका शासक थिए। उनले झन्डै १३ वर्ष शासन गरे।

गर्गी संहिताका अनुसार उनी विवादास्पद, अधम्मी र असन्तुलित शासक थिए। उनको शासनकालमा मौर्य साम्राज्यको पतन अझ तीव्र भयो।

8. देववर्मन मौर्य (इ.पू. 202-195)

देववर्मन, शालिशुकका उत्तराधिकारी थिए। पुराणहरू अनुसार उनले ७ वर्ष शासन गरे। उनी शक्तिशाली शासक होइनन् र शासन गर्दा धेरै सफल भएनन्।

---

9. शतधन्वन मौर्य (इ.पू. 195-187)

शतधन्वनले देववर्मनपछि शासन सम्हाले र ८ वर्ष शासन गरे।
उनको शासनकालमा बारम्बारको आक्रमणका कारण साम्राज्यका धेरै भूभाग गुमे।

---

10. बृहद्रथ मौर्य (इ.पू. 187-185)

बृहद्रथ मौर्य मौर्य वंशका अन्तिम सम्राट थिए। उनी आफ्नै सेनापति पुष्यमित्र शुङ्गद्वारा हत्या गरिए।
पुष्यमित्रले त्यसपछि शुङ्ग वंशको स्थापना गरे र यससँगै मौर्य साम्राज्यको औपचारिक अन्त्य भयो।

reference Top 10 Maurya Empire rulers who changed the history

पुष्यमित्र शुङ्गद्वारा वृहद्रथ मौर्यको हत्या र त्यसपछिको सामाजिक परिणाम

मौर्य वंशको इतिहास प्राचीन भारतको सबैभन्दा गौरवशाली अध्यायहरूमध्ये एक हो। चन्द्रगुप्त मौर्यबाट सुरु भएको यो साम्राज्य सम्राट अशोकको बौद्ध धम्मप्रतिको समर्पणका कारण विश्वभर चर्चित बन्यो। तर, समयक्रममा साम्राज्य कमजोर हुँदै गयो, र अन्ततः इ.पू. १८५ मा सम्राट वृहद्रथ मौर्यको हत्या भएपछि यसको अन्त्य भयो।

यो हत्या सामान्य राजनीतिक षड्यन्त्र मात्र थिएन, बरु यसले भारतीय इतिहासको सामाजिक संरचना, धार्मिक प्रवृत्ति, र जातीय सम्बन्धहरूमा गहिरो असर पार्‍यो। वृहद्रथ मौर्यको हत्या आफ्नै सेनापति **पुष्यमित्र शुङ्ग**ले गरेका थिए, जुन घटनालाई शास्त्रीय ग्रन्थहरू, विशेषतः *दिव्यावदान* र *बौद्ध परम्परागत*

*स्रोतहरू*मा पनि उल्लेख गरिएको छ। उनीहरूले अस्त्र भण्डारण गृहमा हतियार निरीक्षणको बहानामा वृहद्रथलाई पछाडिबाट तरवारले प्रहार गरी हत्या गरेका थिए।


हत्यारा पुष्यमित्र शुङ्ग

वृहद्रथको हत्या पश्चात पुष्यमित्र शुङ्गले सत्ता हातमा लिएर शुङ्ग वंशको स्थापना गरे। उनी वैदिक ब्राह्मण परम्पराका कट्टर समर्थक थिए, र सम्राट अशोकद्वारा प्रचलनमा ल्याइएको बौद्ध मूल्यमान्यताको विरुद्धमा उभिए। उनको शासनकालमा मनु-संहिता आधारित सामाजिक व्यवस्था पुनः स्थापनाको प्रयास गरियो, जसले जातीय विभाजनलाई गहिर्यायो र विशेषगरी अवर्ण वा कृषक जातिहरूमाथि दमनकारी प्रभाव पार्‍यो।

ऐतिहासिक विवरणअनुसार, **कोइरी (कुशवाहा)** जस्ता जातिहरू, जो कृषि देखि शासन सता मा प्रभुत्व जमाएका थिए र मौर्यकालमा स्वाभिमानी जीवन बाँचिरहेका थिए, जब पुष्यमित्र शुङ्गको धार्मिक कट्टरताको सिकार बने। उनीहरूलाई धार्मिक वा सामाजिक कारण देखाएर सामूहिक हिंसामा पारिएको इतिहास मौखिक परम्परा र क्षेत्रीय लोककथाहरूमा जीवित छ। आफ्नो अस्तित्व बचाउन उनीहरूलाई जंगल, नदी किनार, पाखा जस्ता दुर्गम स्थानमा विस्थापित भएर बस्न बाध्य पारियो। यो प्रकारको सामाजिक हिंसा कुनै एक जातिको विरुद्ध मात्र नभई, बौद्ध धम्ममा विश्वास गर्ने सम्पूर्ण समुदायहरूप्रति लक्षित थियो।

मौर्य शासन पतनपछिको कालखण्डमा, विशेषतः ब्राह्मण शासक पुष्यमित्र शुंगको आगमनसँगै, एक योजनाबद्ध ढंगले मौर्यहरूको योगदानलाई इतिहासबाट मेट्न खोजिएको देखिन्छ। मौर्य वंशका सन्तानहरू – जसमा आजका कोइरी, कुशवाहा, माली, शैनी, मौर्य, महतो, मेहता, भगत, शाक्य, कच्छावहा, बुद्धवाहा, सिंह, सिन्हा, पटेल, चौधरी, प्रसाद, वर्मा, कश्यप, शर्मा, सुमन, राय, सैनी, भाजी, गहलोत,

कुच्छवाहा, काछी, मुरार, हारदिया, डाँगी, कवरे, मोर्य, मुराव, मण्डल, कपडी, मुरी, फूलमाली, भाजमाली, सगबेरिया, काछिया, रेड्डी, फुले, भुजबळ, वन्खेडे, नायर, जिरमाली, मोरिय आदि जस्ता थरहरू पर्दछन् – जसलाईलाई शूद्र वर्णमा धकेलियो, जसले उनीहरूको सामाजिक स्थिति एकाएक तल्लो स्तरमा पुऱ्यायो।

ऐतिहासिक विवरणअनुसार, कोइरी (कुशवाहा) जस्ता जातिहरू, जो शासक थिए र पुष्यमित्र शुङ्गद्वारा गरिएको यो परिवर्तन केवल राजनीतिक सत्ता हत्याउने प्रयास थिएन, यो एक *धार्मिक पुनर्स्थापनाको प्रयास* पनि थियो – जसले वैदिक ब्राह्मणवादी संस्कारहरूलाई केन्द्रमा ल्यायो र बौद्ध धम्मलाई राज्यबाट निष्कासन गर्न खोज्यो।

यस घटनाले इतिहासको एउटा मोडलाई चिन्हित गर्छ, जहाँ धार्मिक सहिष्णुताबाट धार्मिक कट्टरताको दिशामा समाज परिवर्तन हुँदै गयो। मौर्यकालीन समावेशी शासन र बौद्ध धम्मको करुणा-आधारित सामाजिक दृष्टिकोण हटेर मनु-संहितामा आधारित कठोर सामाजिक नियमहरूको प्रभाव बढ्यो।

ब्राह्मणवादी व्यवस्था अनुसार, शूद्रलाई उच्च जातिहरूसँगको सम्पर्कमा र धार्मिक गतिविधिहरूमा भाग लिन निषेध गरिएको थियो, जसले कुशवाहा जातिहरूको सांस्कृतिक र सामाजिक स्थिति माथि गहिरो प्रभाव पाऱ्यो। उनीहरूलाई आफ्नो पुराना धम्म र परम्पराहरूसँग टाढा गरिन्थ्यो र एक प्रकारको सामाजिक हानि उठाउन बाध्य पारिए।

यससँगै, बौद्ध धम्मको फैलावट र बौद्ध स्तूपहरूको महत्त्व घटाइयो। मौर्य कालमा स्थापित ८८ हजार बौद्ध स्तूपहरूको ठूलो हिस्सा पुष्यमित्र शुङ्गको शासनकालमा नष्ट गरियो, जसलाई धार्मिक र सांस्कृतिक दृष्टिकोणले अत्यन्त ठूलो क्षति मानिन्छ। यी स्तूपहरूको स्थानमा हिन्दू मन्दिरहरूको निर्माण गरियो र बौद्ध धम्मको महत्वलाई घटाइयो। यसले भारतीय समाजमा एक गहिरो धार्मिक विभाजनको जनक बनायो र बौद्ध धम्मको पक्षधरहरूको लागि अत्यधिक कठिनाइहरू उत्पन्न गऱ्यो।

पुष्यमित्र शुङ्गको शासनकालमा, ब्राह्मणवादी व्यवस्थाले केवल धार्मिक दृष्टिकोणबाट मात्र होइन, सामाजिक संरचनामा पनि ठूलो परिवर्तन ल्यायो। यसले जातिवादको व्यवस्था अझ कठोर बनायो र धार्मिक सहिष्णुताको सन्देशलाई नकार्दै एक साम्प्रदायिक समाजको निर्मिति गर्यो।

शासन व्यवस्था बाट पदच्युत पश्चात कुशवाहा जाति परम्परागत रूपमा कृषक (खेतीपाती गर्ने) समुदायमा सिमित भयो, र त्यसकारण उनीहरूलाई सामान्यतः **शूद्र वर्ण** अन्तर्गत मानिन्थ्यो। इतिहासकार विलियम पिन्चले उनीहरूलाई "**दक्ष कृषकहरू**" भनेर वर्णन गरेका छन्। ब्रिटिश शासनको अन्तिम दशकहरूतिर यो

शूद्र मान्यताको विरोध हुन थाल्यो, यद्यपि केही जातिहरूले त ब्रिटिशले पहिलो जनगणना सुरु गर्नुभन्दा अगावै उच्च वर्णको दाबी गरिसकेका थिए।

दबिएको इतिहास, जिउँदो परम्परा: नट र कोरी जातिमा लुकेको मौर्य वंशको सन्तानत्व

इतिहास सधैं विजेताहरूले लेख्छन् भन्ने भनाइ यथार्थ हो। खासगरी भारतीय उपमहाद्वीपमा सामाजिक वर्गिकरण र वर्ण व्यवस्थाको विकृति सँगै हजारौं वर्ष पुरानो इतिहास लुकेको छ – त्यो इतिहास जसले राजा, सम्राट र सामाजिक अगुवाहरूका सन्तानहरूलाई शूद्र, अछूत र भिखारीको जीवनमा बदलिदियो। यस्तो इतिहासको एक अत्यन्तै सशक्त उदाहरण हुन् **नट जाति** र **कोरी जाति**, जसले आफूलाई आज पनि सोध्दा म **कोइरी** हो भन्छन्।

नट जाति – जसलाई आज प्रायः भिक्षा माग्ने, प्रदर्शन कलामा संलग्न वा श्रमजीवी जातिका रूपमा हेरिन्छ – उनीहरू आफैंमा एउटा ऐतिहासिक चोटका साक्षी हुन्। लोकपरम्परा र सामाजिक स्मृतिमा यिनै नटहरूले आफूलाई **कोइरी (कोरी)** भनी चिनाउँछन्, र जो मौर्य वंशका सन्तान हुन्।

यस दाबीको आधार केवल वंशगत गौरव होइन – यो उनीहरूको विगतमा भएको शोषण, विस्थापन, र बाँच्नका लागि रोज्नुपरेको अपमानजनक जीविकाको सन्दर्भमा उभिएको ऐतिहासिक सङ्केत हो। **पुष्यमित्र शुंगद्वारा मौर्य सम्राटको हत्या पछि**, बौद्ध धम्म समर्थक समुदायहरू, विशेषतः मौर्य वंशका सन्तानहरूलाई योजनाबद्ध रूपमा समाजको तल्लो स्तरमा धकेलियो। जीवनधारणका परम्परागत माध्यम गुमेपछि उनीहरू जंगलको साहारा लिन बाध्य भए – जंगली जनावरको सिकार, सानो कलाकौशल, भिक्षा, र श्रममूलक सीपलाई पेशा बनाए। यिनै परम्परागत पेशाहरू पछि तिनै जातिहरूको "पहिचान" बने – जसले आज उनीहरूलाई अछूत बनाएको छ।

आज पनि कतिपय क्षेत्रमा नट वा कोरी जातिका व्यक्तिहरूको "पानी चल्दैन" – उनीहरू अझै पनि सार्वजनिक जीवनमा सहमति, समावेशिता, र सम्मानको अभाव भोगिरहेका छन्। नट जाति समाजको नजरमा केवल मनोरञ्जक वा भिखारीका रूपमा चिनिन्छ, तर उनीहरूको विगत एक सशक्त राजनीतिक र बौद्धिक इतिहास बोकेको छ – जसलाई इतिहासको पाना खोल्ने हैसियतमा कहिल्यै राखिएन।

कुशवाहा जातिको इतिहास मौर्य वंशसँगको सम्बन्धले मात्र विशेष हुँदैन, यो त्यस्तो ऐतिहासिक अन्यायको प्रतीक हो जसमा एक सशक्त वंशलाई यथास्थितिवादी सत्ता र ब्राह्मणवादी सामाजिक पुनर्संरचनाले तल धकेल्यो। नट र कोरी जातिहरूको जीवन-शैली, उनीहरूको आत्मपहिचान र समाजको व्यवहार सबै कुराले यही सन्देश दिन्छ कि – यो केवल जातीय उत्पीडनको कथा होइन, यो **राजनैतिक हत्या पछिको**

सामाजिक हत्या को कथा हो।यसकारण, नट जाति वा कोरी जातिलाई हेर्दा, हामीले उनीहरूलाई अछूत वा निम्न जातिको रूपमा होइन, **इतिहासबाट विस्थापित गरिएका सम्राटका सन्तानहरू** को रूपमा हेर्नु आवश्यक छ।

"स्याल मारेर खाने करोराबा हरूलाई सोध्दा पनि, उसको जाति कोइरी नै बताउँछन्" भन्ने भनाइ यही ऐतिहासिक विस्थापन र मानसिक दासत्वको गहिरो व्यङ्ग्य हो। जसले देखाउँछ कि कोइरी वा नट जातिका मानिसहरूले चाहे जति नै मेहनत गरेर सफलताको शिखर चुमुन्, समाजले उनीहरूको पहिचान पुरानै जातीय साँचेभित्र सीमित गरिदिन्छ। यो भनाइ केवल विडम्बना होइन, सशक्त जातिहरूलाई पाखा लगाउने षड्यन्त्रको परिणामस्वरूप आजसम्म बाँकी रहेको सामाजिक घाउको चित्रण हो। त्यसैले आज आवश्यक छ — नट वा कोरीलाई अछूत वा निम्न वर्गका रूपमा होइन, इतिहासबाट जबरजस्ती हटाइएका सम्राटका सन्तानको रूपमा स्वीकार गर्ने दृष्टिकोणको।

कुर्मी जाति : मौर्य वंशका सन्तान, सम्मानको यात्रामा

कुर्मी जाति परम्परागत रूपमा कृषिमा आधारित, श्रमजीवी र स्वाभिमानी जाति हो। धेरै इतिहासकारहरूका अनुसार, कुर्मीहरू मौर्य वंशका वंशज हुन् - चन्द्रगुप्त मौर्य र सम्राट अशोकजस्ता महापुरुषहरूको रगत बग्ने जाति हो ।

एउटा समय थियो, जब समाजले यिनीहरूलाई "पानी नचल्ने" जुठो खाने जाति भनेर हेर्थ्यो। उच्च जातिका मान्छेहरूले कुर्मीको घरको पानी पिउन मान्दैनथे। तर समय फेरियो। शिक्षा, संघर्ष र आत्मसम्मानले कुर्मी जाति उठ्यो।

जबकि कुर्मी जाति पनि मौर्य वंशसँग सम्बन्धित रहेको कुशवाहा जाति कै एक खलक हो, जसको सामाजिक-आर्थिक स्थिति बिहारमा समान रहेको छ।

कुर्मी जाति, जसलाई क्रिस्टोफ जेफ्रेलोटले "मध्यम जातिका किसानहरू" भनेर व्याख्या गरेका छन्, उनीहरूले सामाजिक प्रतिष्ठाको खोजीमा नेतृत्व लिएका थिए। पिन्चका अनुसार:

> **"व्यक्तिगत सम्मान, जातीय पहिचान र जातिगत दर्जाको चिन्ता कुर्मी, यादव, र कुशवाहा किसानहरूमा विशेष गरी २०औँ शताब्दीका पहिलो चार दशकमा चरममा पुगेको थियो।"**

reference: https://en.wikipedia.org/wiki/Kushwaha

🟢 कुशवाहा क्षत्रियको रूपमा पहिचान

reference https://en.wikipedia.org/wiki/Kushwaha

सन् **१९१० को आसपास**, **कच्छी र कोइरी जातिहरू**, जसको अघिल्लो शताब्दीतिर ब्रिटिशहरूसँग अफिम खेतीको माध्यमबाट राम्रो सम्बन्ध थियो,



तिनीहरूले **"कुशवाहा क्षत्रिय"** भनेर आफूलाई पहिचान दिन थाले।

सन् **१९२८ मा** ती समूहहरू (कच्छी, कोइरी, र मुराओ) को प्रतिनिधित्व गर्ने संस्थाले **क्षत्रिय वर्ण** को रूपमा **आधिकारिक मान्यता** माग गर्दै निवेदन दियो।

यो प्रयास **अखिल भारतीय कुशवाहा क्षत्रिय महासभा (AIKKM)** को तर्फबाट गरिएको थियो, र यसले परम्परागत रूपमा शूद्र मानिएका समुदायहरूको **सामाजिक उन्नतिको अभियान** झल्काउँछ। यस प्रक्रियालाई समाजशास्त्री **एम. एन. श्रीनिवास** ले **"संस्कृतिकरण" (Sanskritization)** को रूपमा वर्णन गरेका थिए, जुन १९औँ र २०औँ शताब्दीको जातीय राजनीतिमा प्रमुख विशेषता थियो।

वैष्णव दर्शन र क्षत्रिय दाबी

AIKKM को दाबी **वैष्णव धर्म** मा आधारित थियो, जसमा राम वा कृष्णका वंशज भएको दाबी गरिन्छ, जसले क्षत्रिय जस्तो चिन्हहरू (जस्तै, **जनै लगाउने अधिकार**) दिने गर्छ।

यद्यपि तिनीहरूको पेशा (खेती) शारीरिक श्रममा आधारित थियो र त्यसैले शूद्र मानिन्थ्यो, तर यस आन्दोलनले कुशवाहा जातिलाई आफ्नो पुरानो **शिव वंशज** भन्ने दाबी त्यागेर **राम वंशज** को वैकल्पिक मिथक कथा अँगाल्न प्रेरित गर्‍यो।



सन् १९२१ मा, **गङ्गा प्रसाद गुप्त** नामका सुधारकले एक पुस्तक प्रकाशित गरे, जसमा उनले **कोइरी, कच्छी, मुराओ, र कुशवाहा** जातिहरूको क्षत्रिय स्थिति प्रमाणित गर्न खोजे।

उनको इतिहास अनुसार कुशवाहा जाति **भगवान रामका छोरा 'कुश'** को वंशज थिए भनेर हामी पनि यो जातीय व्यवस्थामा ठूलो जातको हो भनेर पुष्टि गर्न खोज्दा कुनै प्रस्ट प्रमाण भेटिएन ।

गुप्तको प्रयास र यसैप्रकारका अन्य प्रयासहरू **जातीय संगठनहरू** मार्फत फैलाइएका थिए, जसले "**शिक्षित सहरिया जाति सदस्य**" र "**कम शिक्षित ग्रामीण सदस्यहरू**" बीच सम्बन्ध स्थापित गराउँथे।

उत्तर प्रदेशको अयोध्या लगायत केही ठाउँमा **मुराओ समुदाय** ले आफ्ना दाबीको समर्थनमा मन्दिरसमेत निर्माण गरेका थिए।

कुशवाहा जातिको विस्तार र सांस्कृतिक विरासत :

कुशवाहा जाति (कोइरी, मौर्य, मोरबंशी आदि उपनामसहित) नेपालको तराई तथा भारतको उत्तर प्रदेश, बिहार, झारखण्ड, उत्तराखण्ड, हरियाणा, हिमाचल प्रदेश, महाराष्ट्र, कर्नाटक, गुजरात लगायत राज्यहरूमा मात्र सीमित छैनन्, उनीहरू म्यानमार, बंगलादेश, मरिसस, फिजी, दक्षिण अफ्रिका आदि देशहरूमा समेत फैलिएका छन्। खासगरी उनीहरूको पुर्खा कृषि, बगैंचावाली, शासन र युद्ध रणनीतिमा दक्ष थिए, जसले गर्दा उनीहरूको बसोबास जहाँ पुगे पनि ती स्थानहरूमा समाजको आर्थिक, राजनीतिक र सांस्कृतिक निर्माणमा ठूलो भूमिका खेले।

कुशवाहाहरू आफैलाई "कुश-वाहक" अर्थात् बुद्धको वंशशक्ति बोकेको जातिका रूपमा चिनाउँछन्, जसले उनीहरूलाई शाक्य र कोलीय वंश का कोइरी सँग सांस्कृतिक रूपमा जोड्दछ। बुद्धको वंशका रूपमा आफूलाई आत्मसात् गर्ने परम्पराले उनीहरूमा आत्मगौरव र सामूहिक चेतनाको विकास भएको देखिन्छ। बुद्ध जयन्तीलाई विशेष श्रद्धा र ऐतिहासिक गौरवका साथ मनाइने चलनले पनि यो सांस्कृतिक सम्बन्ध पुष्टि गर्छ।

त्यस्तै, सम्राट अशोकको योगदानलाई पनि यो समुदायले गहिरो रूपमा स्वीकार्दै आएको छ। अशोकको जीवन र शासनकाल बौद्ध धम्मको विश्वव्यापी प्रसारमा समर्पित थियो, जसको गौरव कुशवाहा जातिको इतिहाससँग मिल्छ। लिच्छवि र कोलीय वंशसँगको ऐतिहासिक विवाह सम्बन्धले पनि यो जातिलाई शुद्धरूपमा पूर्वी भारत (विशेषतः वैशाली) र नेपालको राजशाही इतिहाससँग जोड्दछ। यसैले कुशवाहा जातिको पहिचान केवल कृषि समुदायमा सीमित छैन, उनीहरूको जरा गहिरो शासकीय, धार्मिक र सांस्कृतिक सम्पदासँग गाँसिएको छ।

अन्त्यमा,

कुशवाहा जातिको उत्पत्ति शाक्य, कोलीय र मौर्य वंशसँग जोडिएको छ, जुन वंशहरू बौद्ध धर्मको मूल स्रोत हुन्। सम्राट अशोक स्वयं बौद्ध धर्ममा दीक्षित थिए र बौद्ध धम्मको संरक्षण तथा विस्तारमा अग्रणी थिए। बुद्धका वंशज हुनुको हैसियतमा कुशवाहा जातिले बौद्ध मूल्य र जीवनशैलीलाई आफ्नो मूल

संस्कारको रूपमा आत्मसात् गरेको स्पष्ट देखिन्छ।

सिन्धु सभ्यताको ध्यान, स्वच्छता, अहिंसा र संयमित जीवनशैलीले बौद्ध दर्शनका बीजहरू बोकेको पाइन्छ। कुशवाहा जातिको परम्परागत जीवनशैली, विशेषतः कृषक जीवन, सामुदायिक शुद्धता र आत्मनिर्भरता, यिनै बौद्ध धम्मका मौलिक मूल्यहरूसँग मेल खान्छ। त्यसैले उनीहरूको संस्कृति बौद्ध धम्मकै निरन्तरता हो।

पुष्यमित्र शुङ्गको शासनकालपछि ब्राह्मणवादी वर्ण व्यवस्थाले कुशवाहाहरूलाई राज्य र धर्म दुवैबाट बेदखल गऱ्यो। मौर्यकालको समावेशी बौद्ध शासनको अन्त्यसँगै उनीहरू कृषक 'शूद्र'मा परिणत गरिए। तथापि, मौलिक परम्परा, मिथक, र लोकस्मृतिले उनीहरूको धार्मिक चिनारी आज पनि बौद्ध धम्मकै रूपमा जीवित राखेको छ।

-- भरत लाल महतो(००९७७-९८४४२२५२५०)

बरहथवा न. पा. - ८, सर्लाही, नेपाल

योग्यता: MCA (पुणे युनिभर्सिटी, महाराष्ट्र, भारत)

कार्यरत: Council for Technical Education and Vocational Training, लालबन्दी, सर्लाही

मिति २०८१-१२-१४ गते